ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष ५९, अङ्क ८, २०८५ वैशाख, पूर्णाङ्क २५६

नन्दिकेश्वर महादेव मन्दिर

नक्साल, काठमाडौं

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु


एक करोड गीतादान महाअभियान
सहभागी हुन इच्छुक महानुभावहरूलाई
हार्दिक स्वागत गर्दछौं ।
सहभागीताको लागि:
एक करोड गीतादान महाअभियान
New Baneshwor, Kathmandu, Nepal
Tel.: +977-01-4104316/6638000
E-mail: 1karodgeetadan@gmail.com
Facebook: Karod Geeta Dan
Website: www.ushaeduhouse.com
मूल्य: स्वविवेक
9 789937 122801
श्रीमद्भगवद्गीता
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
श्रीमद्भगवद्गीता
विष्णु सहस्रनाम सहित
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
विश्व कल्याण र धर्म संरक्षणको लागि
ॐ एक करोड गीतादान महाअभियान

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क ८, २०८१ पूर्णाङ्क २१६

वैशाख २०८१

शनिबार	१	८	१५	२२	२९
आइतबार	२	९	१६	२३	३०
सोमबार	३	१०	१७	२४	३१
मङ्गलबार	४	११	१८	२५	गौरी
बुधबार	५	१२	१९	२६	गौरी
बिहीबार	६	१३	२०	२७	गौरी
शुक्रबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

साङ्ख्ययोग

यिनै तीन लोकहरूमा कर्महरूका अनुसार विविध गतिहरू प्राप्त हुन्छन् । योग, तप र संन्यासद्वारा उत्तम गति प्राप्त हुन्छ र भक्तियोगद्वारा मेरो परमधाम प्राप्त हुन्छ । यो सारा जगत् कर्म र त्यसका संस्कारहरूले युक्त छ । म नै कालरूपले कर्मका अनुसार तिनका फलको विधान गर्छु । जगत्मा जति पनि पदार्थ छन् सबै प्रकृति र पुरुषका संयोगले नै बन्दछन् । जसको आदि र अन्त्यमा जे छ त्यही बीच (माझ) मा पनि छ र त्यही सत्य हो ।

विश्वप्रपञ्चको उपादान कारण प्रकृति हो; परमात्मा अधिष्ठान हो र यसलाई प्रकट गर्ने काल हो । व्यवहार कालको यो विविधता ब्रह्मस्वरूप हो र म उही शुद्ध ब्रह्म हुँ । यो विराट् नै विविध प्राणीको सृष्टि, स्थिति र संहारको लीलाभूमि हो । म कालरूपले यसमा जसै व्याप्त हुन्छु अनि यी भावनाहरूका साथ विनाशवान् विभागहरूमा लीन भइहाल्छ । लीन हुने प्रक्रिया यो हो कि पहिले प्राणीहरूको शरीर अन्नमा, अन्न बीजमा, बीज भूमिमा र भूमि गन्धमा लीन भइहाल्छ । यसपछि गन्ध जलमा, जल रसमा, रस तेजमा र तेज रूपमा लीन भइहाल्छ । अनि रूप वायुमा, वायु स्पर्शमा, स्पर्श आकाशमा र आकाश शब्दमा लीन भइहाल्छ । त्यसपछि शब्द तामस अहङ्कारमा र त्रिविध अहङ्कार महत्तत्त्वमा लीन हुन्छन् । अन्त्यमा महत्तत्त्व गुणहरूमा, गुण अव्यक्त प्रकृतिमा र प्रकृति आफ्नो प्रेरक अविनाशी कालमा लीन भइहाल्छ तथा काल जीवमा र जीव अजन्मा आत्मामा लीन भइहाल्छ । तर आत्मा केहीमा पनि लीन हुँदैन, त्यो आफ्नो स्वरूपमा नै स्थित रहन्छ । त्यो जगत्को सृष्टि र लयको अधिष्ठान हो । जसले यस प्रकार विवेकदृष्टिले देख्दछ, त्यसका चित्तमा यो प्रपञ्चको भ्रम आउनै सक्तैन । म नै कार्य र कारणको साक्षी हुँ ।

उद्धव ! यद्यपि व्यवहारमा पुरुष र प्रकृति, द्रष्टा र दृश्यको भेदले दुईओटा बुझिन्छ, तापनि परमार्थदृष्टिले हेरेपछि अधिष्ठानस्वरूप एउटै छ । यस कारण कसैका कर्महरूको न स्तुति गर्नु हुन्छ न निन्दा । जुन मानिसले अर्काको स्वभाव र तिनका कर्महरूको प्रशंसा अथवा निन्दा गर्छन् तिनीहरू आफ्नो परमार्थसाधनदेखि च्युत भइहाल्छन् । उद्धव सम्पूर्ण इन्द्रियहरू राजस अहङ्कारका कार्य हुन् । उनीहरू निदाएपछि जीव चेतनाशून्य भइहाल्छ र त्यसलाई बाह्य शरीरको स्मृति रहँदैन । त्यति बेला यदि मन बाँचिरह्यो भने त्यो सपनाका झूटा दृष्यहरूमा रिङ्न (भट्कन) थाल्छ र यदि त्यो पनि लीन भयो भने जीव मृत्यझैं सुषुप्ति अवस्थामा प्रवेश गरिहाल्छ । यसै गरी अब जीवले आफ्ना आत्मस्वरूपलाई बिर्सेर थरीथरी वस्तुहरूको दर्शन गर्न लाग्छ, अनि त्यो स्वप्नतुल्य झूटा दृश्यहरूमा अल्झिन्छ, अथवा मृत्युतुल्य घोर अज्ञानले त्यसलाई ढाकिहाल्छ ।

उद्धवले यस प्रकार प्रश्न गरे– भगवन् ! आत्मा द्रष्टा र देह (शरीर) दृश्य हो । आत्मा स्वयंप्रकाश र देह जड हो । यस्तो स्थितिमा जन्ममृत्युरूप संसार न शरीरको हुन सक्छ न आत्माको नै । अनि यो कसलाई हुन्छ ? भगवान् श्रीकृष्णले उत्तर दिनुभयो– उद्धव । वस्तुतः संसारको अस्तित्व छँदै छैन । तर जबसम्म देह, इन्द्रियहरू र प्राणहरूका साथ आत्माका सम्बन्धको भ्रान्ति हुन्छ तबसम्म त्यो अविवेकी पुरुषलाई सत्यझैं भासित हुन्छ । जस्तै स्वप्नमा अनेकौं विपत्ति आउँछन् र स्वप्नभङ्ग नहुन्जेल त्यसको अस्तित्व मेटिंदैन, त्यस्तै गरी संसार नहुँदानहुँदै पनि जसले त्यसमा प्रतीत हुने विषयहरूको चिन्तन गरिराखेका हुन्छन् तिनको जन्ममृत्युरूपी संसार छुट्दैन ।

अहङ्कार नै शोक, हर्ष, भय, क्रोध, लोभ, मोह, स्पृहा र जन्ममृत्युको सिकार (लक्ष्य) बन्दछ । आत्मासित त यिनीहरूको कुनै सम्बन्ध नै छैन । देह, इन्द्रिय, प्राण र मनमा स्थित आत्मा नै जब यिनीहरूलाई आफ्नो स्वरूप ठान्दछ, अनि त्यसको नाम 'जीव' भइहाल्छ । त्यस आत्माको मूर्ति नै शरीर हो । त्यसलाई नै कतै सूत्रात्मा भन्ने गर्छन् भने कतै महत्तत्त्व भन्ने गर्छन् । त्यसका अरू पनि धेरै नाम छन् । त्यही कालरूप परमेश्वरको अधीन भएर जीव जन्ममृत्युरूपी संसारमा यताउता भट्किरहन्छ । वास्तवमा मन, वाणी, प्राण र शरीर अहङ्कारकै कार्य हुन् ।

क्रमशः...

सम्पादकीय

शुभ रहोस् नूतन सम्वत् !

समय गतिशील छ । त्यसैले त हरेक पल, हरेक क्षण, हरेक दिन, हरेक महिना अनि हरेक वर्ष नवीन हुन्छन् । मिनेट, घण्टा, दिन, महिना हुँदै समयको गणना गर्दागर्दै अर्को एक वर्ष हामीबाट विदा भएको छ ।

भर्खरै वितेको वि.सं. २०८० साल नेपालको परिवेशमा विगतका वर्षहरू जस्तै राजनीतिक रूपमा पनि अस्थिरताकै वर्ष बन्यो । स्पष्ट बहुमत प्राप्त नभएकोले केन्द्रीय सरकार मात्र होइन सबै प्रदेशका सरकार पनि सधैँ अस्थिरतामा रुमल्लिरह्यो । सडकमा उग्र प्रदर्शन र हिंसाका घटनाहरू संख्यात्मक रूपमा कम भए पनि क्षतिका हिसावले अपूरणीय रह्यो । फरक दुई प्रदर्शनमा प्रशासनको दमनले तीन जना व्यक्तिको ज्यान गयो । पछिल्लो समयमा मिटरब्याजी एवम् सहकारी पीडितको आन्दोलन पनि हृदयविदारक देखियो । सयौं किलोमिटर सडकमा पैदल यात्रा गरी हजारौं व्यक्तिहरू संघीय राजधानी काठमाडौंमा प्रदर्शन गर्न आइपुगे । राष्ट्रिय मात्र नभइ यो अन्तराष्ट्रिय जगतमा पनि लज्जाको विषय हो । समग्रमा भन्नुपर्दा संघीय एवम् प्रदेश सरकारले यो वर्ष पनि जनअपेक्षानुरूप सुशासनको प्रत्याभूति दिलाउन र विकास निर्माणका योजनाहरू तीव्र रूपमा अगाडि बढाउन असफल नै रहे ।

हरेक व्यक्ति, संस्था र सरकारले समेत वितेका समयको समीक्षा गर्दै आगामी दिनहरू अझ सुन्दर बनाउन कोशिस गर्नुपर्छ । यो नयाँ वर्षसँगै सम्पूर्ण नेतृत्ववर्गमा 'मै खाउँ मैलाउँ...' को स्वार्थीपन हटी 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः' को भाव विकास होस् । अन्तमा, गौरीका समस्त पाठक वर्ग, विद्वान् लेखक, विज्ञापनदाता, शुभ चिन्तक लगायत सम्पूर्ण महानुभावहरूमा नूतन सम्वत २०८१ को हार्दिक मङ्गलमय शुभकामना ! अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

नववर्ष वि.सं. २०८१.. प्रा शिवगोपाल रिसाल ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

समय-सन्दर्भ

नेपाली संस्कृतिको... प्रा.डा. माधव भट्टराई ७

आध्यात्मिक वार्ता

अवतार पनि. श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' ९

समसामयिक

आदर्शको स्वरूप उपप्रा. डा. विनुबाबा अर्याल ११

खोज

वैदिक दृष्टिकोणमा.. डा. निर्मलमणि अधिकारी १५

रहस्य

श्रीराधाको धरावतरण भागवतश्री न्यौपाने १९

चिन्तन

चतुर्भुज.... उद्धवप्रसाद भट्टराई 'चैतन्यदीप' २१

संस्मरण

राष्ट्रिय कोटिहोम... डा. कान्ता भट्टराई २३

वेदान्त

ठूलो कालो सर्प..... पवन नेपाल २९

संस्कार

विद्यालय र बालबालिकाको.... पूर्णप्रसाद मिश्र ३१

प्रेरक प्रसङ्ग

पीपलको परोपकार कपिल बञ्जारा ३४

गतिविधि ३५

नव वर्ष वि. सं. २०८१ को:

शुभकामना



–प्रा. शिवगोपाल रिसाल

झलमल्ल खुलोस् ज्ञान, एकासी सालभित्रमा ।
बाँडौं खोजेभने ज्ञान, आफ्ना शिष्य र पुत्रमा ॥
१

जीवात्मा परमात्माको, ज्ञानले मोक्षलाभ भो ।
अपरोक्ष हुनैपर्छ, आफू अद्वैत ब्रह्म हो ॥
२

शङ्का बाँकी हुने छैन, अष्टावक्र[1] बुझी पढे ।
आशीर्वाद सबैलाई, बोधमा दृढ भै बढे ॥
३

निर्मूल वासना पारी, मनोनाश र बोध होस् !
ज्ञानामृत सदा पान, अखण्डानन्द शान्ति होस् !!
४

स्वाध्याययोगमा[2] जुट्नोस्, भुट्नोस् संसारवासना ।
विषयादि विष मानी, जन्मादि नष्ट–योजना ॥
५

शरीर स्वस्थ होस् नित्य, दानले धन शुद्धहोस् ।
ध्यानले मन होस् शुद्ध, ज्ञानले सर्वशुद्धि होस् !!
६

एकासी साल होस् दिव्य, भव्य होस् ब्रह्म साधना ।
जीवन्मुक्त भई बाँचौं, सबैमा शुभकामना !!❖
७

–भैसेपाटी, ललितपुर

१. अष्टावक्रगीता

२ स्वाध्याय परिवारबाट नित्य प्रातः ७ देखि ८ बजेसम्म जूममा सञ्चालित सत्सङ्गयोग ।

गीता द्वितीय अध्याय
सांख्ययोग



–आचार्य खेमराज केशवशरण

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ।६९।

अन्वयः या सर्वभूतानां निशा तस्यां संयमी जागर्ति । यस्यां भूतानि जाग्रति पस्यते मुने सा निशा ।

सरलार्थः सम्पूर्ण प्राणीहरूको जुन अध्यात्मचेतनाशून्यतारूप रात छ त्यसका संयमी पुरूष ब्यूँझिएको हुन्छ । प्राणीमात्रको विषय तत्परतारूप जुन व्यूँझाउने बेला हुन्छ त्यो दृष्टिसम्पन्न संयमी मुनिको रात हुन्छ ।

भावार्थचन्द्रिकाः प्रसङ्ग चलिरहेको छ प्रबुद्ध आत्मसाधकलाई मात्र सम्भव हुने स्थिर प्रज्ञा लक्षणको । तर भगवान् चाहिं यहाँ समस्त प्राणीहरूको प्रवृत्तिसँग संयमी मुनिको चेष्टालाई दाँजिरहनुभएको छ । यो किन होला ? यहाँ प्रश्न हुन्छ । यहाँ विशेष कुरा आएको छ अध्यात्मचेतनाशून्यता र आध्यात्मिक जागरूकताको ।

वास्तवमा मानव जीवनबाट अध्यात्मचेतनालाई निकालिदिने हो भने प्राणीमात्रको प्रवृत्ति नै मानवको पनि प्रवृत्ति रहन्छ । तात्पर्य के भने अध्यात्म चेतनाशून्य मानव मानव नै रहँदैन । आहारनिद्रादि अन्य सबै कुरा मानव र मानवेतर प्राणीहरूमा समान र साझा देखिन्छन् । त्यो अध्यात्मरूचिले हो । जसले मानवलाई अन्य प्राणीबाट माथि राखेको छ । त्यसैले संसारलाई नित्य चिन्तनमा राख्ने संसारी प्राणी र परमात्मालाई नित्य चिन्तनमा राख्ने संयमी मुनिका बीचको तुलना भएको हुनाले संसारी प्राणी त सर्वभूत कोटीकै हुन्छन् भनेर सर्वभूतानाम र भूतानि भनेर प्राणीमात्रलाई बुझाउने शब्दहरूको प्रयोग यहाँ भएको छ ।

यसरी प्राणीहरू अनादिकालदेखि चल्दैआएको अविद्याको अज्ञानमय अन्धकारमा रूमल्लिएर क्षणभङ्गुर नाशवान् सुखभोगका साधनहरूलाई जुटाउन र तिनलाई भोग्न सधैं लागि परिरहन्छन् । त्यही तिनीहरूको जागरण हो । विषयसुखप्रति निरपेक्ष रहने हुनाले संयमी मुनिका लागि त्यो रात बराबर हुन्छ । अनि परमानन्दमय परमात्मसत्ताप्रति पटक्कै ध्यान नजाने हुनाले स्थूलबुद्धि भएका संसारी प्राणीका लागि जुन परमात्मासाधना रात बराबर छ त्यसमा संयमी मुनिको नित्य जागरण हुन्छ । अर्थात् रूचि, अनुभव, संस्कार र प्रवृत्तिमा रहेको यो भिन्नताले गर्दा एउटाको रात अर्काको दिन बनिरहेको हुन्छ । संसारी मानिस सांसारिक सुखभोगलाई नै दिन मानेर भोगिरहेको हुन्छ भने संयमी मुनिका लागि त्यो पूरै रात ठानिरहेको हुन्छ ।

वास्तवमा ऋषिमुनिहरू, ठूलाठूला महात्माहरू तथा साधारण मानिसहरू पनि उस्तै शारीरिक बनोट लिएर जन्मिन्छन् । उस्तै अन्नपानीको सहारामा हुर्किन्छन्, ठूला हुन्छन् । सबैको लागि टेक्ने धर्ती, जीवन जिउने आकाश, सास फेर्ने हावा एउटै हुन्छ । तर रूचि, संस्कार र प्रवृत्तिकै कारणले गर्दा महापुरूषहरू र सर्वसाधारण संसारी पुरूषहरूका बीचमा अन्तर पर्न आउँछ ।

संसारी पुरूष सांसारिक क्षणभङ्गुर सुखको उपभोगलाई बहुतै ठूलो उपलब्धि मानिरहेको हुन्छ । त्यसैले त्यसैको प्राप्तिको निम्ति जीवनलाई बिताइदिन्छ । तर बुझेको, सत्यको अनुभव गरेको संयमी जितेन्द्रिय योगी परमात्मा सरह अचल अविनाशी, एकरस, अखण्ड वस्तु अरू केही छैन भन्ने सत्यको बोध भएको हुनाले संसारको वैभव, सुखसाधन सबैलाई केवल साधनकोटीको मात्र मान्दछ र परम लक्ष्य, परम साध्य त परमात्मा नै हुनुहुन्छ भन्ने पक्का अठोट गरेर अविनाशी अनादि, अनन्त, परमसुखमय, परमरसधन परमात्मामै रमिरहन्छ ।

यसरी संसारीपनको अज्ञानमय जालोलाई छिचोलेर आत्मासाधनातिर लम्केको स्थितप्रज्ञ मुनिको विशेषता संझाएर शान्तिको वास्तविक भागी को हुन्छ भन्ने बारेमा आउँदो श्लोकमा भगवान् भन्नुहुन्छ–

आपूर्यमाणमचलप्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे स शान्तिमाप्नोति न कामकामी ॥७०॥

अन्वयः आपूर्यमाणम् अचलप्रतिष्ठाम् समुद्रम् आपः यद्वत् प्रविशन्ति सर्बे कामाः तद्वत् यं प्रविशन्ति स शान्तिभधि गच्छति ॥

सरलार्थः विभिन्न दिशाहरूबाट आउने अनगिन्ती जलप्रवाहद्वारा सधैंभरिदै रहेपनि आफ्नो मर्यादामा अचल रूपले प्रतिष्ठित रहने समुद्रमा पानीका स्रोतहरू जसरी पस्दछन् त्यसरी नै सम्पूर्ण सुखभोगहरू जसमा पसेर विलीन बन्दछन् त्यसलाई शान्ति प्राप्त हुन्छ, सुखभोगका कामना मनमा लिइरहनेलाई होइन ।

भावार्थचन्द्रिकाः सबैतिरबाट निरन्तर जल प्रवाहद्वारा भरिंदै रहन्छन् तर त्यसले समुद्र बढ्दैन । ग्रीष्म ऋतुमा खोलानाला र अन्य जल प्रवाहहरू सुकेका वेला कुनै जलस्रोत समुद्रमा मिस्सिन आउँदैन तैपनि समुद्र घट्दैन । उसको आफ्नो प्रतिष्ठा अचल रहन्छ । न प्राप्तिमा उर्लिनु छ, न अप्राप्तिमा घट्नु छ । अनुकूल प्रतिकूल सबै स्थितिमा समुद्र एकनाशसित आफ्नो गरिमामय मर्यादामै अचल बनेर विराजमान रहन्छ । त्यसै गरी सुखभोगका साधनहरू प्राप्त भइरहुन्, जति नै थपिंदै रहून् तैपनि स्थितप्रज्ञ धीर साधक हर्षले फुल्दैन । सम्पूर्ण अन्य कामनाहरू यसको आत्मनुभूतिको कामनाभित्र लीन बन्दछन् । तिनले उसभित्रै प्रवेश गर्दछन् तर ऊ त्यसबाट विचलित हुँदैन । यस्तैलाई शास्वत शान्तिले वरण गर्दछ । सुखभोगको थरिथरीका इच्छा लिएर भौतारिनेलाई होइन ।

परमात्मा प्राप्तिलाई नै जीवनको परम ध्येय मानेर समर्पण भावपूर्ण जीवन जिउने प्रशान्त गंभीर स्वभाव भएका संयमी पुरूषको उदार एवम् विशाल हृदयलाई सुखभोगका जति नै साधन प्राप्त भए पनि तिनले विचलित तुल्याउन सक्दैनन् । तिनको आकर्षणले उसको हृदयलाई आफूतिर तान्न सक्दैन । समुद्रलाई कुनै पनि नदीको जलको चाहना कहिल्यै नरहेझैं प्रत्येक कर्मलाई भगवत्समर्पित भावनाले सम्पन्न गर्ने कर्मयोगीलाई वाहिरी सुखभोगको लिप्साले कहिल्यै अल्मल्याउन सक्दैन । ऊ त आफ्ना प्रियतम परमाराध्य प्रभु श्रीकृष्णकै सेवामा सधै रमिरहन रूचाउँछ । जहाँ बाहिरी चाहनाहरू समाप्त भए शान्तिको अनुभूति त्यही हुन्छ । प्रभुको सेवा छाडेर बाहिरी चाहनाहरूमा भौतारिने व्यक्ति जति नै विद्यावान् होस्, जति नै ज्ञान र वैराग्यका कुरा गरोस् शान्ति प्राप्त गर्न सक्दैन । तर भगवन्निष्ठ साधकलाई भने प्रभु सेवा बाहेक अरू कुनै बाहिरी चाहना हुँदैन । ऊ त प्रभुसँग मोक्षसम्म पनि माग्दैन । प्रभुबाट जे प्राप्त हुन्छ, त्यसैलाई अमृत मानेर आफ्ना आराध्यको सेवामा समर्पित रहन्छ । त्यसैले कुनै पनि चाहनाले विचलित नतुल्याउने हुनाले ऊ शान्तिको भागी बन्दछ ।

स्थितप्रज्ञ लक्षणबारे प्रश्न उठान् गर्दा अर्जुनले चार वटा प्रश्न उठाएका थिए । स्थितप्रज्ञको परिभाषा के हो ? उसको बोलचाल कस्तो हुन्छ ? उसले कसरी बसउठ गर्दछ ? र उसको चालचलन के कस्तो हुन्छ ? यी चार प्रश्नमध्ये अब अन्तिम प्रश्नको समाधान दिंदै शान्ति प्राप्त गर्न सक्षम हुने सिद्धकोटीको स्थितप्रज्ञको स्वरूपका बारेमा भगवान् बताउनुहुन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साल साउन १८ गते स्वर्गारोहण हुनुभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम
परिवार

नेपाली संस्कृतिको अभिन्नः
विक्रम संवत्



-प्रा. डा माधव भट्टराई

गणेशं कालिकां विष्णुं शङ्करं सकलान खुवान्।
बन्देऽहं नूतने वर्षे लोककल्याण हेतवे ॥

हाल विश्वमा प्रचलित अनेकन संवत्मध्ये विक्रम संवत् धार्मिक, सांस्कृतिक, व्यावहारिक र शास्त्रीय दृष्टिले समेत उत्कृष्ट छ । सिर्जनाका बान्की बोकेर वसन्त ऋतुका मध्यमा यो संवत् उदाउँछ र सूर्यको जस्तै मेषदेखि मीनसम्मका १२ राशिहरूको चक्र पूरा गर्दछ । त्यसैले यसको नाम पनि विक्रमादित्य संवत् भनिएको छ । सामान्यतया एकातिर विक्रम आदित्य दुवै सूर्यका नाम हुन् भने अर्कातिर यस शब्दले विशेष किसिमको गति र स्थिति भएको सूर्यसँगको समन्वयको सङ्केत पनि गर्दछ ।

अहिले संवत्लाई पनि राजनीतिको विषय बनाइएको बेला नेपाली मात्रले सहज रूपमा प्रयोग गरिँदै आएको विक्रम संवत्का बारेमा प्रत्येक सचेत राष्ट्रभक्त र संस्कृतिप्रेमी नेपालीले यसको बारेमा बुझ्न जरूरी छ । नेपालीहरूले गर्ने गरेको धार्मिक अनुष्ठान वा कृत्यहरूको आरम्भमा पढिने संकल्पमा विक्रम संवत्को प्रयोग हुन्छ । जम्मा ६० वटा संवत्सर मध्ये जसको पालो परेको छ उसको उल्लेख गरिन्छ । त्यसपछि तिथि, वार आदि पढिन्छ । यो परम्परा ज्यादै पुरानो हो । उक्त ६० मध्ये एउटा संवत्सर विक्रम पनि हो । विक्रम संवत्सर र विक्रमादित्य संवत्का वीच के कस्तो सामञ्जस्य छ भन्ने चाहिँ अनुशीलनको विषय हो तर प्राचीनताका दृष्टिले यी दुवैको महत्ता मननीय छ । यसरी धार्मिक दृष्टिबाट विक्रम र शक संवत्को उपयोगिता र आवश्यकता अपरिहार्य देखिन्छ ।

वास्तवमा विक्रम संवत् नेपालको हो र यो नेपालीहरूको अत्यन्त प्रिय छ । यहाँ हरेक क्षेत्र र तप्कामा यस संवत्को प्रयोग गरिन्छ । केही मान्छेले भन्ने गरेजस्तो यो विदेशी संवत होइन । यसको प्रमाण साँखुको बज्रयोगिनीमा विक्रमादित्यको नियमित पूजाको व्यवस्था हुनु एवम् विशालनगर र बत्तीसपुतलीजस्ता ऐतिहासिक क्षेत्रको सम्बन्ध विक्रमादित्यसँग गाँसिनु पनि महत्त्वपूर्ण घटना हुन् । नेपाली वंशावलीमा तिनै विक्रमादित्यले नेपालमा शासन गरेको उल्लेख गरेको पाइन्छ । फेरि धर्म र संस्कृतिको हद कुनै राज्यभित्र मात्र हुन्छ भन्नु पनि हास्यास्पद हुन्छ । त्यस्तो भए नेपालमा जन्मेका सीता र बुद्धलाई किन विश्वले पूजा गर्दछ ? अनि अयोध्या र मथुरामा प्रकट भएका राम र कृष्णका मन्दिरहरू नेपालमा स्थापना गरिनु के अनुचित मानिन्छ ?

हाल विक्रम संवत्लाई पराई र अंग्रेजी संवत् (इ.सं.) लाई आफ्नो मान्नेहरू पनि निस्किरहेका छन् । अंग्रेजी संवत्मा सूर्य र चन्द्रको गति र स्थितिको हिसाब निकाल्नु नपर्ने र यो महिना यति दिनको भने पछि पुग्ने, कति सजिलो भन्ने तर्क गर्ने देखिएका छन् । सजिलो खोज्ने कि साँचो रोज्ने, यसबारेमा सचेत हुनुपर्छ । हामी त गहिराइमा गएर यथार्थ पत्ता लगाउने संस्कृतिका अनुयायी हौं । हाम्रो सम्बन्ध प्रकृति र धर्मसित छ । हामी स्थिरता र सत्यका उपासक हौं । यसैले नेपाली पञ्चाङ्गमा प्रचलित अनेक संवत्हरूको उल्लेख गर्ने गरिएको हो । कुनै पनि राजनैतिक परिवर्तन भए पनि हाम्रो परम्परा छाडिएको छैन । सृष्टिसंवत्, कलिगत संवत्, शकसंवत्, ईस्वीसंवत्,

नेपालसंवत् लगायत संवत्‌हरूको उल्लेख गर्ने परिपाटी पञ्चाङ्गले जुनसुकै राजनैतिक तन्त्रमा पनि नछाडेको तथ्य घाम जत्तिकै छर्लङ्ग छ ।

१०८ वर्ष पहिले तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले नेपाल र भारतका समेत विद्वान्, ज्योतिषी र धर्मशास्त्रीहरूको सभा गराई व्यापक छलफल गराएर प्रचलित संवत्‌मध्ये सबैभन्दा प्रामाणिक र व्यावहारिक भएकाले विक्रम संवत्‌लाई प्रमुख स्थान दिएका थिए । भारतमा १९६० को दशकमा त्यहाँका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूले ऐतिहासिक महत्त्वको शक संवत्‌लाई राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्व दिने उद्देश्यले विशेष प्रयत्न गरे । शक संवत् चैत्र शुक्लपक्षको प्रतिपदाबाट आरम्भ हुने र संवत्सरहरूको उस्तै प्रयोग गरिने विक्रम संवत्‌सँग नजिकको संवत् हो । यसै कारण ई. १९५२ मा पं नेहरूले संवत् नीति अध्ययन गरी सुझाव दिन डा. मेघनाथ शाहको अध्यक्षतामा समिति बनाए जसले ई. १९५५ मा प्रतिवेदन दियो । यसमा पञ्चाङ्गमा सायन पद्धति प्रयोग गर्ने र शक संवत्‌लाई प्राथमिकता दिने अभिप्राय थियो तर सायन पद्धतिमा चाडपर्व निर्धारित गर्ने सुझावको व्यापक विरोध भयो । विज्ञहरू र आम जनताले साथ नदिँदा यो कार्यान्वनमा आउन सकेन । त्यसैले शासन पक्षले यस्ता धार्मिक र सांस्कृतिक विषयमा निर्णय लिँदा लहडमा होइन, सम्बद्ध विज्ञहरू तथा सरोकारवालाहरूसँग पर्याप्त विमर्श गर्नु आवश्यक पर्दछ ।

विक्रम संवत्‌को सम्बन्ध नेपाली जनसमुदायसँग कति घनिष्ठ छ भने नेपालीहरूले यसलाई आफ्नो संस्कृतिको अभिन्न अङ्ग मान्दैआएका छन् । हाम्रा अनेकौं पर्व विक्रम संवत्‌बाट पर्ने गतेको आधारमा मनाइन्छन् । हरेक महिनाको १ गते सङ्क्रान्तिका अवसरमा स्नान, दान, पूजा गर्ने र कैयौं ठाउँमा मेला लाग्ने गरेको पाइन्छ । वैशाख १ गते उपत्यकाको ठूलो पर्व विष्केट जात्रा मनाइन्छ । यही दिन टोखाको सपन तीर्थमा पनि ठूलो मेला लाग्ने गर्दछ । साउने सङ्क्रान्ति र माघे सङ्क्रान्ति सूर्यको गति परिवर्तन भई दक्षिणायन र उत्तरायणको आरम्भको सन्दर्भमा देशमा विभिन्न भागमा ठूला मेला र जात्रा पर्दछन् । माघे सङ्क्रान्ती नआउने हो भने थारू जातिले अति नै महत्त्व दिएर मनाइने माघी पर्व आउँदैन । त्यस्तै विक्रम संवत् लोप गर्ने हो भने पुस १५ गते पर्ने गुरूङहरूको महान् चाड "तमू ल्होछार" पनि हराउने वा अन्यत्र सार्नुपर्ने स्थिति पैदा हुनेछ । यस प्रकार गतेका आधारमा मनाइने सबै चाडपर्व खतरामा पर्नेछन् । असार १५ को दहीचिउरा खाने दिन होस् या साउन १५ को खीर खाने दिन कि त हामीले गुमाउनुपर्नेछ या अर्को आधारमा मात्र ग्रहण गर्नुपर्नेछ ।

सत्तामुखी राजनीतिले अहिले नेपाललाई डसिरहेको छ । त्यसैले संस्कृतिको बचाउतिर राजनीतिकर्मीको ध्यान जाँदैन बरू संस्कृति र परम्परा बिगारेर विकृति फैलाउनमै रमाइलो मान्नेहरू आफ्नो सक्कली रूप देखाइरहेका छन् । उनीहरूलाई राष्ट्रिय एकताप्रति पनि सरोकार देखिएको छैन । यसको उदाहरण "कहीँ नभएको जात्रा" ११ महिनाको वर्ष बनाउने निर्णय नै हो । यिनै मध्येका केही मानिस विक्रम संवत्‌लाई विस्थापित गरेर ईश्वी सन्‌लाई राष्ट्रिय संवत् बनाउने प्रयत्नमा छन् ।

वास्तवमा संस्कृति प्राण भन्दा प्यारो हुन्छ । राष्ट्रियतालाई बलियो पार्ने काम संस्कृतिले गर्दछ । राष्ट्रियताको आधार खलबल्याउन खोज्नेहरूले नेपाली संस्कृतिको सशक्त आधार बन्दैआएको विक्रम संवत्‌लाई विस्थापित गर्ने कोसिस गरे पनि संस्कृति प्रेमी राष्ट्रभक्त नागरिकहरूले समयमै सचेत र जागरूक भएर संस्कृतिको रक्षाका लागि राष्ट्रियता मजबुत बनाउन सदैव कटिबद्ध रहनुपर्छ ।❖

–अनामनगर, काठमाडौं

शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा समस्त दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ब्रह्मपुरी सत्सङ्ग परिवार
भौखेल, भक्तपुर

श्रीरामकृष्ण तथा कर्मकाण्ड

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

अवतार पनि साधना गर्छन्- लोक शिक्षार्थ

"साधनाको ज्यादै जरूरत पर्छ । एक्कासि के कैले ईश्वर-दर्शन हुन्छ र ?"

"एकजनाले सोधेको थियो, हामीलाई ईश्वर-दर्शन किन हुँदैन ? त्यसवखत मेरो मनमा यो कुरा आयो । मैले भनेँ, "ठूलो माछो समात्न चाहने हो भने त्यसै गरी आयोजना गर । जहाँ माछा समाउन चाहन्छौ, त्यहाँ चारो हाल । डोरी, बाँस ल्याऊ । चारोको गन्ध पाएर गहिरो पानीदेखि माछा त्यहाँ आउनेछन् र पानी चल्न लागेपछि तिमी बुझ कि ठूलो माछा परेको छ ।"



"यदि मखन खाने इच्छा छ भने दूधमा मखन छ, दूधमा मखन छ भनेर मात्र के हुन्छ ? मिहिनेत गर्नुपर्छ, अनि मखन निक्लिन्छ । ईश्वर छन्, ईश्वर छन् भन्दै बकेर मात्र के कहिल्यै ईश्वर-दर्शन हुन सक्छ ? साधना चाहिन्छ ।"

"भगवती स्वयम्ले पञ्चमुण्डी आसनमाथि बसेर तपस्या गर्नुपरेको थियो- लोकशिक्षाका लागि ।

श्रीकृष्ण साक्षात् पूर्ण ब्रह्म हुनुहुन्छ, किन्तु उहाँले पनि तपस्या गर्नुभएको थियो, अनि मात्र उहाँलाई राधायन्त्र मिलेको थियो ।"

"कृष्ण पुरुष हुनुहुन्छ र राधा प्रकृति : चित्तशक्ति, आद्याशक्ति हुनुहुन्छ । राधा प्रकृति र त्रिगुणमयी हुनुहुन्छ, उहाँभित्र सत्व, रज र तम तीनै गुण छन् ।" "जसरी प्याजको बोक्रा छोडाउँदै जाऊ, पहिले लाल र कालो दुवै रङ भएको बोक्राको भाग निस्कन्छ । त्यसपछि रातो भाग निस्कन्छ अनि सफेद । वैष्णवशास्त्रमा लेखिएको छ– कामराधा, प्रेमराधा, नित्यराधा । कामराधा चन्द्रावली हुन् भने प्रेमराधाचाहिँ श्रीमतीजी । गोपाललाई काखमा लिएकी नित्य राधालाई नन्दजीले देखेका थिए ।"

"यो चित्तशक्ति र वेदान्तको ब्रह्म दुवै अभेद हुन्, जस्तो जल र यसको हिमशक्ति (चिसोपना) ।

पानीको हिमशक्ति विचार गर्दा पानीको तातोपना पनि विचार गर्नुपर्छ अनि पानीलाई सोच्दा यसको चिसोपनाको पनि कुरा आइहाल्छ । सर्पको टेढोमेढो गतिभन्दा सर्पको विचार आइहाल्छ ।" ब्रह्म कहिले भनिन्छ ? जब उहाँ निष्क्रिय हुनुहुन्छ वा कार्यबाट निर्लिप्त हुनुहुन्छ । पुरूष जब कपडा लगाउँछ, तब पनि पुरूष नै रहिरहन्छ । पहिले दिगम्बर थियो । अब साम्बर भएको छ, फेरि दिगम्बर हुन सक्छ ।

सर्पभित्र जहर छ तर सर्पलाई यसले केही गर्दैन । जसलाई यसले डस्छ, उसैका लागि विष लाग्छ । ब्रह्म स्वयम् निर्लिप्त छ ।

"नाम र रूप जहाँ छ, त्यहीँ प्रकृतिको ऐश्वर्य रहन्छ । सीताले हनुमानलाई भन्नुभएको थियो, वत्स, एक रूपमा म नै राम हुँ अनि एक रूपमा सीता बनेकी छु, एक रूपमा म इन्द्र हुँ र एक रूपमा इन्द्राणी हुँ, एक रूपले म ब्रह्मा हुँ र एक रूपमा ब्रह्माणी, एक रूपमा रूद्र हुँ भने अर्को रूपमा रूद्राणी ।

नाम-रूपमा जे छ, सबै चित्शक्तिको ऐश्वर्य हो । ध्यान र ध्याता पनि चित्शक्तिकै ऐश्वर्यमा छन् । जबसम्म यो बोध रहन्छ कि म ध्यान गरिरहेको छु, तबसम्म उनैको इलाकामा रहिरहन्छ ।"

"(मास्टरसँग) यी सबै कुरा धारण गर । वेद र पुराण सुन्नुपर्छ र ती जो भन्छन्, त्यसको धारणा गर्नुपर्छ ।"

"(पण्डितसँग) कहिलेकाहीँ साधुसँग गर्नु बेस हुन्छ । रोग त मानिसलाई लागेको नै हुन्छ । साधुसँगबाट धेर थोर त्यसको उपशमन हुन्छ ।"

"म र मेरोपन यही अज्ञान हो । हे ईश्वर ! सब कुरा हजुर नै गरिरहनुभएको छ र मेरो आफ्नो आत्मीय हजुर नै हुनुहुन्छ । यो सब घर-द्वार परिवार, आत्मीय, बन्धुवर्ग सम्पूर्ण

संसार हजुरकै हो । यसैको नाम हो, यथार्थ ज्ञान । यसको विपरीत मैले नै सबै कुरा गरिरहेछु, म कर्ता हुँ, घर-द्वार कुटुम्ब परिवार, लड्का-बच्चा सब मेरा हुन्, यसको नाम हो अज्ञान ।"

"गुरूजीले शिष्यलाई यस्तै सबै कुरा बुझाइरहेका थिए । भनिरहेका थिए- एक मात्र ईश्वर नै तिम्रो आफ्नो हुनुहुन्छ, अरू कोही आफ्नो भन्ने छैन । शिष्यले भन्यो, 'महाराज, आमा र मेरी पत्नी, यिनीहरू मेरो ज्यादै माया गर्छन् । मलाई देखेनन् भने तमाम संसारमा उनीहरूका लागि अँध्यारो छाउँछ, हेर्नुस् त, उनीहरू मलाई कत्ति माया गर्छन् । गुरूले भन्नुभयो, 'यो तिम्रो मनको भुल हो । म तिमीलाई देखाइदिन्छु कि तिम्रो कोही छैनन् । औषधिका यी गोलीहरू आफूसँग राख । घर गएर खानु र बिछ्यौनामा पल्टिरहनु । मानिसहरू ठान्नेछन्, तिम्रो देह छुटेको छ । म त्यहीबखत पुग्नेछु ।"

"शिष्यले त्यस्तै गर्‍यो । घर गएर उसले औषधिका गोलीहरू खायो । अलि बेरमा ऊ बेहोस भयो, उसका आमा, पत्नीहरू सबै रून लागे । त्यसैबखत वैद्यजीका रूपमा गुरू त्यहाँ पुगे ।"

"सबै सुनिसकेपछि उनले भने, 'अँ, यसको एउटा औषधि छ, यो फेरि बाँच्न सक्छ । तर एउटा कुरा छ, यो औषधि पहिले तपाईंहरूमध्ये कसैले खानुपर्छ, अनि उसलाई दिइनेछ । परन्तु यिनको जो आत्मीयले गोली खाएको छ, उसको मृत्यु हुनेछ । यहाँ त उसका आमा पनि छन् । सायद पत्नी पनि छन् । यिनमध्ये कसैले त अवश्यै औषधि खाइदेलिन् अनि पछि त यो बाँचिहाल्नेछ ।"

"शिष्य सबै कुरा सुनिरहेको थियो । वैद्यले पहिले उसकी आमालाई बोलाए । आमा रूँदै भुइँमा लडीबुडी खेलिरहेकी थिइन् । उनी आएपछि कविराजले भने, 'माताजी तपाईंले रूनुपर्दैन । तपाईं यो औषधि खानुहोस् त तपाईंको छोरा अवश्य बाँच्नेछ । तर यसले तपाईंको मृत्यु हुनेछ । आमा औषधि हातमा लिएर विचार गर्न लागिन् । धेरै बेर केही सोचिसकेपछि रूँदै भन्न लागिन्, 'बाबा मेरो अर्को एउटा छोरा र छोरी छन्, म मरैँ भने तिनको के हाल होला ? यही सोचिरहेछु, कसले तिनको हेरचाह गर्ला, कसले खान देला, यसैको पिर गरिरहेकी छु ।'

त्यसपछि उसकी स्वास्नीलाई बोलाएर त्यो औषधि दिइयो । औषधि हातमा राखेर ऊ पनि सुर्ताउन लागि । उसले सुनेकी थिई, औषधि खाएपछि मृत्यु अनिवार्य छ । अनि उसले रूँदै भनी, 'उहाँलाई जो हुनु थियो त्यो त भइहाल्यो, अब मेरा बालबच्चाहरूको के होला ? तिनको हेरचाह कसले गर्छ ? त्यसकारण म कसरी औषधि खाऊँ ? त्यति बेलासम्म शिष्यमा जो नशा चढेको थियो, उत्रियो । उसले बुझ्यो कि कोही कसैको होइन रहेछ । तुरून्त उठेर ऊ गुरूसँग हिँड्यो । गुरूले भने, तिम्रो आफ्नो भन्नु बस् एउटै हुनुहुन्छ, ईश्वर ।"

"अतएव उहाँको पादपद्महरूमा कसरी भक्ति हुन्छ, कसरी उहाँ मेरो हुनुहुन्छ, र कुन तरहको सम्बन्धले प्रेमभक्ति हुन्छ, त्यही गर्नुपर्छ र त्यही नै वेश पनि हो । देख्छौ संसार दुई दिनका लागि हो । यसमा अरू केही छैन ।"

पण्डित- (साहास्य)- हजुर, जब यहाँ आउँछु, त्यस दिन पूरा वैराग्य हुन जान्छ । इच्छा हुन्छ, संसार त्याग गरेर कतै हिँडिदिऊँ ।

श्रीरामकृष्ण- होइन, त्याग किन गर्ने होला ? तपाईंहरू मनमा त्यागको भाव ल्याउनुहोस् । संसारमा अनासक्त भएर रहनुहोस् ।" सुरेन्द्रले कहिलेकाहीँ यहाँ आएर बस्ने इच्छाले एउटा बिछ्यौना यहाँ ल्याएर राखेको थियो । एक-दुई दिन आएको पनि थियो । अनि उसकी स्वास्नीले भनी, 'दिनको समय चाहे जहाँ गएर बस, रातको बेला घरबाट बाहिर जान पाउनेछैनौ ।' तब सुरेन्द्रले के भन्ने ? अब रातिको समय कतै गएर बस्ने उपाय पनि रहने भएन ।"

"अनि हेर खालि विचार मात्र गरेर के हुन्छ, उहाँका लागि व्याकुल होऊ, उहाँलाई प्रेम गर्न सिक । ज्ञान र विचारचाहिँ पुरूष हुन् उनीहरूको पहुँच खालि ढोकासम्म मात्र हुन्छ । भक्ति स्त्री हुन् । उनी भित्र पनि जान्छिन् ।"

"यसै प्रकारको एउटा भावको आश्रय लिनुपर्छ, तब मनुष्य ईश्वरलाई पाउँछ । सनकादि ऋषि शान्तभाव लिएर बस्थे । हनुमान दासभावमा थिए । श्रीदामा, सुदामा आदि ब्रजका गोठालाहरूको सख्यभाव थियो । यशोदाको वात्सल्यभाव थियो, ईश्वरप्रति उनको सन्तान बुद्धि थियो । श्रीमतीको मधुरभाव थियो ।"

"हे ईश्वर, हजुर प्रभु हुनुहुन्छ, म दास हुँ, यस भावको नाम हो, दासभाव । साधकका लागि यो भाव ज्यादै वेश छ ।"

पण्डित- हो, हजुर ।

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

आदर्शको स्वरूप : रामराज्य

-सहप्रा. डा. विनुबाबा अर्याल

मर्यादा पुरूषोत्तम श्रीरामचन्द्र र जगज्जननी सीताको चरित्रलाई लिएर आदिकवि महर्षि वाल्मीकिले संस्कृत साहित्यमा रामायण जस्तो आदिम महाकाव्यको रचना गरी आर्य-संस्कृतिको आदर्शलाई जनसम्मुख प्रस्तुत गरिदिनुभयो । उहाँले खोजेको चरित्रनायकलाई देवर्षि नारदले औंल्याइ दिनुभएको छ । वेद, उपनिषद्, महाभारत, सम्पूर्ण पुराणहरू र अरू स्मृति आदिका सद्ग्रन्थहरूभन्दा यो रामायण पनि कम महत्त्वपूर्ण छैन । बरू सबभन्दा पहिले यही नै छन्दमा वद्ध भएको पहिलो पनि हो ।

यस सद्ग्रन्थमा अवस्थित भएका वर्ण-धर्म क्रमानुसार आ-आफ्नो धर्मको, कर्मको, शास्त्राचार, देशाचार, कुलाचारको र समयानुकूलका व्यवहारहरूलाई 'संस्कृति' भन्दछौं । जहाँ समस्त दिव्य सद्गुण एकत्रित हुन जान्छ उनै परमात्मा हुन्छ । श्रीराम सद्गुणहरूको भण्डार हो, लक्ष्मण विवेकको स्वरूप हो, भरत वैराग्यको र सत्रुघ्न सद्विचारको स्वरूप हो । यदि यस अयोध्यारूपी श्रीशरीरमा भएन भने दशरथरूपी जीव, कैकेयीका कामको दुर्वुद्धिको अधीन हुन जान्छ । यदि वैराग्य र सद्विचार भयो भने जीवन कामको, दुर्वुद्धिको अधीन हुँदैन । त्यसैका अन्तरगत उपरोक्त सारा कुराहरू पर्दछन्, त्यो नै सद्ग्रन्थ हो ।

वाल्मीकि रामायण जो वेदहरू पछिको ग्रन्थ रत्न हो । रामायणलाई हामी निश्चित रूपले महाकाव्यको श्रेणीमा पनि राख्न सक्छौं । र यसलाई अलङ्कृत शैलीका परवर्ती (पछिहुने) काव्यहरूको जनक पनि भन्न सक्छौं, जुन आर्य संस्कृतिको आदर्श स्वरूप उपलब्ध हुन्छ । यसमा आर्यावर्तको त्यस समाजको मानचित्र दर्शन प्राप्त हुन्छ । जुन समय आर्यजाति उन्नतिको शिखर माथि पुगेका थिए, आज पुरूषले श्रीरामलाई र नारीले सीताजीलाई आदर्श रूपमा प्राप्त गरे । हिन्दु जगत् बडो गौरवान्वित भएको छ । आफ्ना आदर्श र आफ्ना मर्यादामा अडिक रहने श्रीरामसीता हाम्रा मान्यताका सर्वस्व हुन् भनी हृदयदेखि सहर्ष स्वीकार गर्न सकिन्छ । सत्य तथ्य सदा सदा अजर अमर नै रहन्छ किनकि सत्य अविनाशी छ । सत्य कहिल्यै विनाश हुँदैन, सत्यको स्वरूपमा कुनै परिवर्तन हुँदैन । भूत, भविष्य र वर्तमान यी तीनै कालमा जसको स्वरूप एकै हुन्छ, त्यही नै सत्य हो ।

अतः श्रीरामले लिएको शासन प्रणालीले 'रामराज्य'लाई सुनौलो अवसरको संज्ञा दिएको छ । जनकल्याणकारी राज्यको उपमा दिनुपर्दा 'रामराज्य' भनिन्छ । राजा अर्थात् शासक कस्तो हुनुपर्दछ, जनहित गर्नु पर्दा राज्यलाई कसरी हाँक्नु पर्दछ भन्ने कुराको दृष्टान्त भगवान् श्रीरामले पृथ्वीका शासक शासित दुवै पक्षलाई दिनुभएको छ ।

शुक्राचार्यले आफ्नो नीतिसारमा लेख्नुभएको छ कि राम जस्तो नैतिक राजा पृथ्वीमा न कोही थिए न कोही हुनेछन्- न राम सदृशो राजा पृथिव्यां नीतिमान भूतः ।

(शुक्र ५/५७)

रामराज्य शासन एवम् प्रशासनको परम आदर्श स्वरूप हो । धर्म एवम् ईश्वरभक्ति यो रामराज्यको मुख्य विषय थियो । शासन सुव्यवस्था प्रजाको सुख, सम्पन्नता, अनुशासन एवम् सदाचार यी रामराज्यको अवयवहरू हुन् । रामराज्यको स्वरूपको वर्णन वाल्मीकीय रामायण, अध्यात्म रामायण, आनन्दरामायण, पुराणहरू एवम् श्रीरामचरितमानस आदिमा विस्तृत रूपमा व्याख्या गरिएको छ ।

अध्यात्मरामायणमा उल्लेख भए अनुसार-

राघवे शासति भुवं लोकनाथे रमापतौ,
वसुधा स्यसम्पन्ना फलवन्तश्च भूरुहाः ॥

जना धर्मपराः सर्वे पतिभक्तपराः स्त्रियः।
नापश्यत् पुत्रभरणं कश्चिद्राजनि राघवे॥

त्रिलोकीनाथ लक्ष्मीपति भगवान् रामको शासनकालमा पृथ्वी धनधान्यपूर्ण, वृक्ष फलादिबाट सम्पन्न थियो। श्री रघुनाथको राज्यमा समस्त पुरुष धर्मपरायण, स्त्रीहरू पति सेवामा तत्पर रहन्थे र कसैले पनि आफ्नो सन्तानको मृत्यु देख्न पर्दैनथ्यो।

आनन्दरामायणमा उल्लेख गरे अनुसार–

रामराज्य सदानन्दः सर्वानासीज्यनान् भुवि।
नासीत् कुत्रापि कलहश्चौय निन्दा भयेतदा॥
राज्यमासी दसापूत्न समृद्ध वलवाहनम्।
ऋषिभि हृष्टपुष्टैश्च रम्यं हाटकभुषणैः॥
सञ्जुष्ट भिष्टापुलीनां धर्माणां नित्यकर्तुभिः।
सदा सम्पन्नशस्य च सुचिर क्षेत्रसङ्कलम्॥
सुदेशं सुप्रजं सुस्थं सुतृणं बहुगो धनम्।
देतापतनानां च राजिभिः परिराजितम्॥

रामचन्द्रको राज्यमा संसारका सबै मानिसहरू सदा आनन्दमा रहेका थिए। त्यो समय न कतै चोरी, न लडाइ-झगडा नै हुन्थ्यो, न कोही कसैको निन्दा नै गर्दथे न कोही कसैसँग डराउँदथे। राज्य पनि त्यस समयमा शत्रुबाट रहित र विविध प्रकारको वाहन तथा सेनाहरूले परिपूर्ण थियो। रामराज्यमा प्रजाहरू मोटाघाटा, हृष्टपुष्ट, ज्ञानी, सुनचाँदी गहनाहरूले सजिएका हुन्थे। धार्मिक कार्यहरू भइरहन्थ्यो, सारा खेत धानले परिपूर्ण हुन्थ्यो। त्यस समय समस्त देश सुन्दर थियो, प्रजाहरू असल थिए, रहनसहन राम्रो थियो, गाईलाई चर्नको लागि राम्रा घाँसहरू उपलब्ध हुन्थ्यो। गोधनको महत्त्व धेरै थियो। सारा देश देवालयहरूले भरिभराउ भएको थियो।

स्कन्दपुराणमा उल्लेख गरिएअनुसार–

रामराज्ये तथा लोका हर्ष निर्भरमा नसाः।
बभूवर्धनधान्याढ्णः पुत्रपौत्र पुता नराः॥
कामवर्षी च पर्जन्यः सस्यानि गुणवन्तिच।
गावस्तु घटदाहिन्यः पादपश्च सदाफलाः॥
नाधयो व्याधयश्चैव रामराज्ये नराधिप।
नार्यः पतिव्रताश्चसन् पितृभक्तिपरा नराः।
द्विजा वेदपरा नित्यं क्षत्रिया द्विजसेविनः।
कर्वते वैश्यवर्णाश्च भक्तं द्विजगवां सदा॥
न योनिसङ्करश्चासीत् तत्र नाचारसङ्कः।
न वन्ध्या दुर्भगा नारी काक वन्ध्या मृतप्रजा।
विधवा नैव काव्यासील्लव्यते न सभर्तृका।
नावज्ञां कुर्वते केऽपि मातापित्रोर्गुरोस्तथा॥

त्यस समय श्रीरामको राज्यमा सबै मानिसहरू हर्षित हुन्थे। धनधान्यले सबै सम्पन्न थिए। र, सबै मानिसका सन्तान थिए। गाईले प्रसस्त दुध दिन्थिन्। वृक्षहरूले सबै ऋतुहरूमा फल दिन्थे। कोही पनि शारीरिक रोगी र कसैमा पनि मानसिक चिन्ता थिएन। स्त्रीहरू पतिव्रता र पुरूषहरू पितृभक्त थिए। ब्राह्मणहरू सदा वेदाध्यायनमा तत्पर रहन्थे। वर्णसंकर सन्तान थिएनन्। कोहीले पनि अकालमा मर्नु पर्दैनथ्यो। त्यस समयमा मातापिता गुरूजनहरूको ठूलो आदर हुन्थ्यो।

श्रीरामचरितमानसमा उल्लेख भएअनुसार–

वरनाश्रम निज निज धरम निरत वेद पथ लोग।
चलहिं सदा पावहिं सुखहि नहिं भयसोक न रोग॥

सबै जना आफ्नो आफ्नो वर्ण र आश्रमको अनुकूल धर्ममा तत्पर रहन्थे। सदा वेदले देखाएको मार्गमा लागिरहन्थे। सबैलाई सुख थियो। त्यहाँ केही कुराको भय थिएन, शोक थिएन र रोग पनि थिएन। (मार्क्सवाद और रामराज्य)

श्रीरामले एकपटक भाइ लक्ष्मणजीसँग भन्नुभयो–

नहि स्वसुखमन्विच्छन् पिडयेत् कृपणं जनम्।
कृपणः पीडयमानो हि मन्युना हन्ति पार्थिनम्॥

राजा (यहाँ राजा भनेर सम्बोधन गरे पनि आजको परि प्रेक्षमा देशको शासक भन्ने बुझ्नु पर्दछ)ले आफ्नो सुखको लागि दीन दुःखी जनताहरूलाई पीडा नदेओस् किनकि पीडित जनता क्रोधित भएर अत्याचारी राजाको विनाश गर्दछन्। अतः राजाले आफ्नो प्रजामाथि अनुग्रह गरोस्। सदा सदाचारको पालनमा संलग्न रहोस्। मीठो बोली, दुःखी दरिद्रमाथी दया, सत्पात्रलाई दान दिने, दीनहिन र शरण पर्नेहरूको रक्षा गर्ने, सत्पुरूषहरूको संगत गर्ने, उनीहरूको विचार सुन्ने, मनन गर्ने, बाहिर भित्र शुद्ध गरेर राजा आस्तिक बनेर, अन्तःकरणलाई शुद्ध गरेर राज्यको शासन चलाउने, अर्काको निन्दा आलोचना नगर्ने, आफ्नो वर्ण तथा आश्रम अनुरूपको धर्मको पालना गर्ने, राजा मेघ

जस्तो समस्त प्राणीहरूलाई आजीविका प्रदान गर्ने होस् ।

शुक्रनीतिमा लेखिएको छ कि राज्यको कार्य चलाउनको लागि पुरोहित युवराज, प्रधान, सचिव, मन्त्री, प्रतिनिधि, पण्डित, सुमन्त्र, अमात्य, दूत यी दशको आवश्यकता पर्दछ । यिनीहरूको योग्यता एवम् कार्यहरूको विस्तृत वर्णन शुक्रनीतिमा छ । कुनै पनि शासन सम्वन्धी टिप्पणीमा मन्त्री, पण्डित तथा दूतले हाम्रो सम्मतिबाट लेखिएको हो, अमात्यले यो ठीक छ भनी लेख्नु पर्दछ । प्रधानले यो यथार्थ सत्य हो भनी लेख्नु पर्दछ । युवराजले यो स्वीकृत गरिनुपर्दछ भनी लेख्नु पर्दछ । प्रतिनिधिले यसलाई अपनाउन ठीक छ भनी लेख्नु पर्दछ । पुरोहितले आफ्नो सहमत छ भनी लेख्नु पर्दछ । सबैको अन्त्यमा राजाले स्वीकृत दिनु पर्दछ तव मोहर लाग्दछ । यसले गर्दा शासकहरू उच्श्रृङ्खल हुन पाउँदैनन् । तर आजको लोकतन्त्रको शासनको आधार टाउको गन्नु रहेको छ । यसको अनुसार योग्य शासकहरू पाउन कठिन मात्र होइन असम्भव नै जस्तो भएको छ । बहुमत जसलाई प्राप्त हुन्छ, उसैको हातमा शासन सूत्र जाने हुनाले यो समयसापेक्ष भए पनि भरपर्दो शासन भने हुन नसक्दा जनताहरूको असहज अवस्था भने आज सबैले बुझेकै हुनुपर्दछ ।

राजनीति अयोग्य तथा नास्तिकहरूको हातमा जाँदा विद्वान्हरूको मुख बन्द हुन्छ । शासकहरूबाट भयभीत विद्वान् स्पष्ट सत्य बोल्न पनि हिच्किचाउँछन् । साधु सन्तहरू ईश्वरको गुणगान गर्नुको वदलामा सरकारको गुणगान गर्न थाल्छन् । गौहत्या, धर्महत्या, शास्त्रहत्या जस्ता जघन्य कार्यहरू विरूद्ध बोल्ने समाज हुँदैन । उच्श्रृङ्खल शासकहरूको इच्छा अनुसारकै कानून बन्न जान्छ । शासन यन्त्र तानाशाह शासकहरूको हातको खेलौना बन्न पुग्छ । सनातन सत्य, न्याय, विवेक, शास्त्र सबै लुप्त हुन्छन् । जनताको गरीबी, अशिक्षाको कारणले शासकको विरोध गर्ने सामर्थ्य हुँदैन ।

रामराज्यका विशेषताहरूको अध्ययन गर्दा भने रामायण शब्द राम र अयन दुई शब्दको सन्धिद्वारा बनेको हो । अयन शब्दको अर्थ गति वा बाटो हो । यसरी रामायणको अर्थ रामको बाटो या रामले देखाएको बाटो हो । रामायण शब्दले यस काव्यको मुख्य अभिप्रायलाई समेटेको पाइन्छ । यसै रामकथाका आधारमा एउटा प्रसिद्ध उक्ति छ– रामदिवत् प्रवर्ति तन्यं न तु रावणदिवतु । अर्थात् रामले देखाएको बाटोतिर लाग्नु पर्छ, रावणले देखाएको बाटोतिर होइन । यही नै रामायणको मुख्य आशय हो ।

रामायणले लिएको मूल विषय नै आदर्श हो । 'हुनुपर्छ', 'बन्नुपर्छ', 'लाग्नुपर्छ' आदर्शसूचक शब्द हुन् । आदर्शहरू वैदिक वाङ्मयले निर्धारित गरेको छ । वाल्मीकिको रामायण रामको आदर्शहरूको उत्कृष्ट एवम् महान् प्रस्तुति हो ।

रामायण चरित्रप्रधान महाकाव्य हो र यसका नायक राम एक उदात्त चरित्रवान् नायक हुन् । पत्नी सीताप्रति आदर्श पतिका रूपमा, बाबु आमाहरूप्रति आदर्श पुत्रका रूपमा, भाइहरूप्रति आदर्श दाजुका रूपमा रहेका रामले देश र जनताप्रतिको आदर्शतामा कत्ति पनि कमि हुन दिएनन् । राज्यको त्याग गर्नुपर्दा या वनमा बस्दा पनि उनमा न कुनै मादको भाव न कुनै पीडाको भाव केही देखिएन । उनको यो गुण नै आदर्शताको विशेषता हो । उनले चलाएको आदर्श राज्य आजसम्म 'रामराज्य'को नामबाट आर्य समाजमा प्रसिद्ध छ ।

रामको शासन यति आदर्श थियो कि उहाँ एक आदर्श राज्यको प्रतीक बन्नुभयो । रामराज्यलाई आदर्श मानेर नै आज पनि हामी स्वस्थ शासनको कल्पना गर्दछौं । वाल्मीकि रामायणमा लेखिएको छ कि समस्त प्रजा वर्णाश्रम अनुसार वेदले बताएको बाटोतिर हिंड्दथे । रोग, शोक, भय ताप कतै देखिंदैनथियो । छलकपट दुर्गुणको अभाव थियो । सबै जनताहरू आफ्नो आफ्नो धर्मको पालन गर्दथे । धर्मको चार अङ्ग सत्य, पवित्रता, दया, दानको व्यवहारिक मान्यता थियो । सबै मानिसहरू आफ्नो पूरा आयु व्यतीत गरेर मात्र मृत्यु वरण गर्दथे । रोग व्याधि कष्ट पीडा कतै पनि देखिंदैनथ्यो । सबैजना स्वस्थ र सुन्दर थिए । दीन, दुःखी, दरिद्री कोही थिएनन् ।

रामको मानवीय पक्षको उद्घाटन वाल्मीकिले तव गरे जव रावणलाई मारिसकेपछि रामको आज्ञाले सीतालाई उनको समक्ष ल्याउने आज्ञा भयो । विभीषणले सीतालाई पाल्कीमा लिएर आउँदा जनताको भीड लाग्यो । सीताको दर्शन गर्न सब उत्सुक थिए तर सीता पाल्कीभित्र रहेकी कारणले गर्दा जनता निरास भएकोले रामले स्पष्ट भन्नुभयो कि जनताको उपेक्षा रामको अनादर हो । उनलाई हिंडाएर ल्याउनु ताकि सबैले सीताको दर्शन गर्न सकून् ।

जनता सबै मेरा हुन् । उनीहरूको सामु भएर आउन कुनै अफ्ठ्यारो या शरम हुँदैन । स्त्रीलाई बाहिर समाजमा ल्याउन कुनै निन्दनीय कार्य होइन भन्ने रायको आशयबाट लोकतन्त्रको भाव देखिन्छ । (वाल्मीकीय रामायण ६/५९ पेज १४-४५) । जनमतको कदर देखिन्छ ।

तुलसीदासले रामको बारेमा मार्मिक शब्दले वर्णन गरेका छन्- राम अनंत अतुल गुनानी । जन्म कर्म अनंत नमामी । (मानस ७/५१/५) वाल्मीकिले भक्तिवश भएर होइन वास्तविकताको धरातलमा उभिएर रामको गुणहरूको विवेचना गर्दै छन् । गुणहरूको बारे भन्दछन् कि, उनमा क्रुरताको अभाव, दया, विद्या, शील, शमद्वारा उनको व्यक्तित्वमा शोभा वृद्धि भइरहेको थियो ।

रामराज्यमा जित्नको लागि कोही कसैको शत्रु छैनन् भनिन्छ । कसैले अपराध गर्दैनन् । यसैले दण्ड कसैलाई हुँदैन । दण्ड शब्द केवल संन्यासीहरूको हातमा रहने 'दण्ड' नै बाँकी रहेको छ । सबै अनुकूल हुनाको कारणले भेदनीतिको आवश्यकता नै परेन । भेद शब्द केवल सुर तालको लागि नै काममा आएको छ भनी श्रीराम चरितमानसमा उल्लेख गरिएको छ ।

जातिजानपदान् धर्मान् श्रेणी धर्मश्च धर्मवित् ।
समीक्ष्य कुलधर्माश्च स्वधर्म प्रतिपादयेत् ॥ (मनु ८/४१)

राम जातिधर्म, देशधर्म, श्रेणीधर्म तथा कुलधर्मलाई जान्दथे एवम् उनको पालन गर्दथे । रामले आफ्नो आचरणद्वारा प्रजा तथा समाजलाई आदर्श रूपमा ढालेका थिए । रामको व्यक्तिगत जीवन पनि समाजकै लागि थियो । त्यसैले जानकीसम्मलाई पनि त्याग्न तयार हुनुभयो ।

प्रजाको विभिन्न वर्गहरूमा उनीहरूको स्थिति, क्षमता, संस्कार अनुसार पालन पोषण गर्नु नै राज्यको कर्तव्य हो तर विवेकको साथमा हुनुपर्दछ । धर्म नियन्त्रित विवेकी राजाले नै विभिन्न परिस्थितिहरू, व्यक्तिहरू एवम् श्रेणीहरूका साथ यथोचित कुशलताका साथ व्यवहार गर्न सक्तछ ।

वाल्मीकि रामायण अनुसार रामको मन्त्रिमण्डल थियो । जसमा विनयशील, सज्जन, कार्यकुशल, जितेन्द्रीय, अस्त्रशस्त्र कुशल, सुदृढ, पराक्रमी, यशस्वी तथा सावधान अपनाउने मन्त्रीहरू थिए । मृदुता, करूणा, श्रुति (परम्पराबाट वेदादि शास्त्र ज्ञान)शील इन्द्रिय निग्रह, मनोनिग्रह यी छ गुणले राघवेन्द्र रामलाई शोभित गरेका थिए । यसैबाट रामको राज्यले रामराज्य द्वारा लोककल्याणकारी गुणले सुशोभित भयो ।❖

-बत्तीसपुतली, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको
संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं । हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो ।

जय गौमाता !




नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

वैदिक दृष्टिकोणमा
समाज विकासक्रम र ज्ञानसत्ता

डा. निर्मलमणि अधिकारी

परिवार, कुल, कुटुम्ब, ग्राम, गण आदि संरचनाहरू राज्यको तुलनामा निकै प्राचीन हुन् । सामाजिक र राजनीतिक संस्थाहरूको क्रमिक विकास बताउने शास्त्र वेद एवम् वैदिक वाङ्मयमा भेटिन्छ । सामाजिक एवम् राजनीतिक संरचना बारे वैदिक वाङ्मयमा गरिएका चिन्तनमा व्यक्ति र दम्पतिको अस्तित्व नै सामाजिक सम्बन्धको प्रारम्भ मानिएको देखिन्छ ।

अथर्ववेदका अनुसार, सबै भन्दा पहिले बनेको संस्था परिवार थियो । विवाह, दाम्पत्य जीवन र परिवार सम्बद्ध मन्त्रहरू ऋग्वेदमा पनि प्रशस्त छन् । परिवार संस्थालाई अथर्ववेदमा 'गार्हपत्य' भनिएको छ । दाम्पत्य जीवन एवम् परिवारको अस्तित्वले निजी सम्पत्तिको प्रावधानलाई जन्म दियो । गार्हपत्य वा पारिवारिक संगठनपछि आहवनीय संस्थाको विकास भयो । आहवनीय शब्दको अभिप्राय आह्वान गरिएको अवस्थामा जम्मा हुने संस्था वा संगठन हो । सम्भवतः आहवनीय भनेको ग्राम संगठन (गाउँ सभा) जस्तो संस्था थियो । आहवनीय संस्थापछि दक्षिणाग्नी संस्थाको विकास भयो । यो जनपद तहको संस्थाको रूपमा देखिन्छ, जहाँ ग्रामका प्रतिनिधिहरू (ग्रामणी) एकत्र हुन्थे । जनपदको साझा पहिचानलाई 'गण' भनिएको बुझिन्छ ।

ऋग्वेदमा धेरै उल्लेखित संस्था 'विदथ' देखिन्छ । यो महिला र पुरुष दुवै सहभागी हुने संस्था थियो । परिवार वा कुलको सदस्य संख्या धेरै भएको अवस्थामा सबै परिवारजन एकै स्थानमा भेला भई महिला र पुरुषको समान सहभागितामा पारिवारिक विषयवस्तुमा विचार विमर्श गर्ने, उपभोग्य वस्तुको वितरण गर्ने, क्रीडा गर्ने, धार्मिक क्रियाकलाप गर्ने एवम् युद्धको तयारी गर्ने संस्था विदथ थियो भन्ने अध्येताहरू बताउँछन् । यो अथर्ववेदको गार्हपत्य र आहवनीय संस्थाहरूसँग तुलनीय देखिन्छ ।

ऋग्वेदमा 'जन्मन', 'विश' र 'जन' को पनि उल्लेख छ । 'जन्मन'लाई गोत्र अर्थात् एउटा परिवारको गोष्ठी भन्न सकिन्छ । त्यस्ता कतिपय 'जन्मन'हरू मिलेर 'विश' बन्थ्यो र 'विश'हरू मिलेर 'जन' बन्थ्यो । सभा, समिति, परिषद्, सेना आदि पनि वेद संहितामै उल्लेखित छन् । यसरी परिवार, ग्राम, जनपद हुँदै सभा र समिति जस्ता राष्ट्रिय संस्थाहरूको उद्भव र विकास भएको देखिन्छ । वैदिक वाङ्मयमा 'राष्ट्र' भनेको राजनीतिक रूपले संगठित जन (वा विशः) लाई जनाउने संज्ञा हो । राज्यको अस्तित्वले राष्ट्रियताको भावना आउँछ र समिति, सभा, परिषद्, सेना, राजाको वा गणमुख्यको चयन र राज्याभिषेकबारे वेद संहिता एवम् ब्राह्मण ग्रन्थहरूमा धेरै सामग्री पाइन्छ ।

महाभारत ग्रन्थको शान्तिपर्वबाट थाहा हुन्छकि अति प्राचीन कालमा राज्य, राजा, दण्ड (आजको परिप्रेक्ष्यमा कानुन) थिएनन् । सम्पूर्ण प्रजा धर्मद्वारा नै परस्परको रक्षा गर्थे एवम् सबै मनुष्य (नर) हरू धर्मद्वारा नै परस्पर पालित र पोषित हुन्थे भनिएको छ । समयक्रममा राज्यको विकास भयो । पहिल्यैदेखि विद्यमान परिवार, कुल, कुटुम्ब, ग्राम, गण आदि संरचनाहरूलाई मानेर नै राज्य अघि बढेको देखिन्छ ।

कुनै पनि व्यक्तिको व्यक्तित्वमा सम्बन्धित देश, काल (समय) तथा परिस्थितिको प्रत्यक्ष प्रभाव परेको हुन्छ भन्ने मान्यता देखिन्छ । समाजका सबै सदस्यहरूले पालना गर्नु पर्ने साधारण कर्तव्यहरू र व्यक्तिको पात्रता, जिम्मेवारी र आवश्यकता अनुसार निर्धारण हुने कर्तव्यहरूको समष्टिबाट व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । यसलाई व्याख्या गर्न

वैदिक हिन्दु, बौद्ध तथा जैन धर्म दर्शनमा साधारण धर्म र विशेष धर्मको अवधारणा रहेको पाइन्छ । यहाँ चरित्र वा आचरणलाई धेरै महत्त्व दिइएको छ ।

संस्कार, संस्कृति र सदाचारको पालनाले असल पात्रता हुने र कर्तव्यको पालनाले अधिकार प्राप्त हुने मान्यता देखिन्छ । मानिसको चोला पाएपछि जीवनको अन्तिम लक्ष्य मोक्ष हो भन्ने उपदेश हिन्दु र जैन शाास्त्रहरूको छ र बौद्ध मतमा निर्वाणलाई परम् लक्ष्य मानिएको छ । हिन्दु जीवन पद्धतिमा जीवात्माको स्थूल, सूक्ष्म र कारण शरीर हुने र जीवनमा धर्म, अर्थ, काम र मोक्ष (पुरूषार्थ चतुष्टय) को लक्ष्य अनुसार कर्म गर्नु पर्ने उपदेश रहेको छ । मानिस जन्मिनासाथ ऋषि ऋण, देव ऋण र पितृ ऋण लाग्ने र ज्ञान आर्जन, उपासना र कर्ममार्फत कर्तव्य पूरा गरेमा ती ऋणबाट उऋण होइने बताइएको छ ।

दैनिक जीवनमा कर्मठता, दया, करूणा, परोपकार जस्ता गुण धारण गरी कर्मरत रहनु पर्छ । परोपकार नै पुण्य हो र परपीडन पाप हो । मानिसका साथसाथै अन्य प्राणीहरूको पनि कल्याण गर्नु पर्छ र उनीहरूप्रति पनि दया, करूणा, मैत्रीको भाव राख्नु पर्छ । मन, वचन र कर्ममा पवित्रता हुनु पर्छ । आफूलाई मन नपर्ने वा प्रतिकूल हुने कार्य अरूलाई पनि गर्नु हुँदैन । आफ्नो क्षमता अनुसार इष्टापूर्त (दान एवम् परोपकार) गरिरहनु पर्छ । हिंसा, क्रोध, द्वेष, लोभ जस्ता अवगुणहरू त्याग्नु पर्छ । परिवार, कुल, कुटुम्ब, राज्य (राष्ट्र) एवम् पृथिवी (भूमि) प्रतिको कर्तव्य पूरा गर्नु पर्छ । यस्ता उपदेशहरूले वैयक्तिक कर्तव्यको चेतना दिन्छन् ।

समाजमा रहेका व्यक्तिहरूको आपसी सम्बन्धका विभिन्न आयाम हुन्छन् । सामाजिक व्यवहारमा नेपाली संस्कृति समष्टि-प्रधान रहेको छ भने आध्यात्मिक प्रयोजनमा यो सदैव व्यष्टि-केन्द्रित रहेर (वैयक्तिकता प्रधान) चिन्तन गर्दछ । सामाजिक व्यवहारमा समाजलाई प्राथमिकता दिने र आध्यात्मिक व्यवहारमा व्यक्तिलाई प्राथमिकता दिने गरिएकोमा समुचित कारण छ । एक जनाको कारणले सारा समाजलाई हानि पुग्न सक्दछ वा फाइदा पनि पुग्न सक्दछ; किनकि समाजका सदस्यका रूपमा हरेक व्यक्ति-व्यक्ति अन्त:निर्भर र सम्बद्ध छन् । तर आध्यात्मिक प्रयोजनमा यस्तो हुँदैन । प्रत्येक जीवात्मा मोक्ष वा पतनको लागि आफूमात्र जिम्मेवार हुन्छ । शास्त्रहरूमा बताइएको छ- परलोकमा आमा-बुबा, श्रीमती, पुत्र वा हितैषी-मित्रजनहरू कोही पनि साथमा हुँदैनन्, केवल धर्म मात्र साथमा हुन्छ । जीव एक्लै आउँछ र यहाँबाट एक्लो नै जान्छ; एक्लैले पुण्य-पापको फल पनि भोग्दछ । त्यसैले आध्यात्मिक सन्दर्भमा व्यक्तिलाई पूर्ण वैयक्तिक स्वतन्त्रता दिइएको हो । यसरी समाजको आधारभूत एकाइको रूपमा रहेको व्यक्तिलाई आधिभौतिक, आधिदैविक र आध्यात्मिक सबै आयामबाट व्यक्तित्वको पूर्ण विकास गराई सामाजिक सम्बन्धका लागि तयार पार्ने पद्धति यहाँ देखिन्छ । कर्तव्य पूरा गरेर अधिकार प्राप्त गर्नु पर्छ भन्ने मान्यता नेपाली समाजको विशेषता हो ।

युरोपेली सभ्यतामा व्यक्ति र समाजको सम्बन्ध बारे दुई बिल्कुलै विपरीत मान्यताहरूको सङ्घर्ष देखिन्छ । त्यहाँ एकातिर व्यक्तिलाई केन्द्रमा राख्ने वैयक्तिकतावादी (Individualist) दृष्टिकोण देखिन्छ भने अर्कातिर सामाजिक तथा राजनीतिक संरचनालाई बढी महत्त्व दिने समुदायवादी (Communitarian) दृष्टिकोण रहेको छ । ती दुईमध्ये कुन विचारधारा अवलम्बन गरिएको हो, सोही अनुसार सामाजिक सम्बन्धको स्वरूपमा फरक पर्ने हुन्छ । नेपाली संस्कृतिमा समन्वय एवम् सामञ्जस्यलाई जोड दिइने हुनाले युरोपेली सन्दर्भको जस्तो व्यक्तिवादी वा समुदायवादी भन्ने दुई फक्लेटे विभाजन (Binary division) छैन । माथि चर्चा गरिएझैँ सामाजिक व्यवहारमा समाजलाई प्राथमिकता दिने र आध्यात्मिक व्यवहारमा व्यक्तिलाई प्राथमिकता दिने पद्धति यहाँ रहिआएको छ ।

सामाजिक संरचनाको आधारभूत एकाइ व्यक्ति र परिवार हुन् । त्यसपछिको संरचना कुल हो । आफ्नो कुलका मानिसहरू र आफन्तहरू सहितको समुदायलाई कुटुम्ब भनिन्छ । सामाजिक राजनीतिक हिसाबले सबैभन्दा सानो एकाइ ग्राम मानिएको देखिन्छ । महाभारतमै रहेको विदुर नीतिमा कुलभन्दा ग्राम ठूलो एकाई रहेको बताउने श्लोक रहेको छ । चाणक्य नीतिको एउटा श्लोकले कुलभन्दा ग्राम ठूलो एकाई रहेको र एउटा ग्राममा अनेक कुलहरू रहने देखाउँछ । ग्रामभन्दा जनपद ठूलो एकाइ थियो । 'कुल' जन्मसँग सम्बद्ध र 'गण' जनपदसँग सम्बद्ध रहेको थियो ।

प्राचीन सामाजिक संरचना बहुआयामिक

देखिन्छ । परिवार, कुल र कुटुम्बको अन्तर्सम्बद्धता महत्त्वपूर्ण मानिन्थ्यो । साथै, ग्राम र जनपदमा रहेका अन्य कुलसँगको सम्बन्ध र सामाजिक अन्तरनिर्भरता पनि कम महत्त्वको थिएन । गोष्ठी (गुठी, बडघर) जस्ता संरचनाले सामाजिक अन्तरनिर्भरतालाई व्यवस्थित गर्थे । गुरूकुल तथा आश्रमहरूले विभिन्न कुल, विभिन्न ग्राम, विभिन्न जनपद र ज्यादै टाढा रहेका देशहरूका मानिसलाई आपसमा सम्वाद र सहकार्य गर्ने अवसर सिर्जना गर्थे । धार्मिक आस्था अनुसारका सम्प्रदायहरूको पनि समाजमा ठूलो महत्त्व थियो । व्यावसायिक समूहहरू (जस्तैः शिल्पिहरूको श्रेणि र व्यापारीहरूको निगम तथा पूग नामका संस्थाहरू, त्यस्तै सार्थ, समवाय, संव्यवहारिक, सम्भूय, समुत्थान नामका ठूला व्यापारिक संस्थाहरू) ले पनि सामाजिक संरचनामा प्रत्यक्ष प्रभाव पार्थे । प्राचीन राजनीतिक संरचना राज्य (राष्ट्र) र राष्ट्र मण्डलको पनि सामाजिक अन्तरनिर्भरतामा प्रभाव रहन्थ्यो ।

मानिस सामाजिक प्राणी भएको हुनाले सृष्टिको उषाकालदेखि सामाजिक अन्तरनिर्भरता मानव जीवनको स्वाभाविक पाटो हो भन्न सकिन्छ । सामाजिक अन्तरनिर्भरतालाई व्यवस्थित गर्न प्राचीन कालमा वर्ण र आश्रमको व्यवस्था गरिएको थियो । गुण र कर्मको आधारमा वर्णको व्यवस्था गरिएको थियो भने उमेर अवस्था अनुसार आश्रमको व्यवस्था गरिएको थियो । वर्ण व्यवस्थामा शिक्षादीक्षा एवम् ज्ञानमा केन्द्रित रहने समूह, शासन-प्रशासन, व्यवस्थापन र आवश्यकता अनुसार युद्धमा भाग लिने समूह, कृषि, पशुपालन, शिल्प, व्यापार आदि कार्य गर्ने समूह र सेवामूलक कार्य गर्ने समूह गरी चार समूहहरू थिए ।

मानिसको आयुलाई कूल १ सय वर्षको मानेर चार भागमा बाँडी पहिलो भागलाई ब्रह्मचर्य आश्रम, दोस्रो भागलाई गृहस्थ आश्रम, तेस्रो भागलाई वानप्रस्थ आश्रम र चौथो भागलाई संन्यास आश्रम मानिएको थियो । पहिलो आश्रममा शिक्षादीक्षा एवम् ज्ञान र सीप हासिल गर्ने मुख्य कर्तव्य मानिन्थ्यो । दोस्रो आश्रममा विवाह गरी घरको जिम्मेवारी सम्हाल्ने, धन-सम्पत्ति आर्जन गर्ने, सन्तान जन्माउने-हुर्काउने, परोपकार गर्ने आदि कार्यहरूलाई प्राथमिकता दिइन्थ्यो । तेस्रो आश्रममा समाजसेवा तथा आध्यात्मिक साधनामा जोड दिइन्थ्यो । अन्तिम आश्रममा पूर्णतया आध्यात्मिक साधनामा केन्द्रित हुने नियम थियो ।

ज्ञान पाउने इच्छा, ज्ञानप्रतिको अनुराग वा ज्ञानलाई गरिने प्रेम भनियोस् वा आत्म-दर्शनको विधा मानियोस्-दर्शनको महत्ता पूर्व र पश्चिम दुवैतिर उच्च मानिएको अकारण होइन । अर्थात्, पश्चिमको फिलोसफीको परम्परा र पूर्वको दर्शनको परम्पराको तुलनात्मक विश्लेषण गर्दा आधारभूत तहमै केही मतान्तर अवश्य नै छ तर केही आधार भूत समानता पनि पक्कै छ । सोही समानताले दिग्दर्शित भएर दर्शनशास्त्र/फिलोसफी (Philosophy) नामाकरण भएको विधाको पाठ्यक्रम एवम् पठनपाठनका सामग्रीहरू चयन गर्दा वैभिन्न्यबाट होइन, वैविध्यको समावेशितालाई ध्यान दिइन्छ । अरू कुरा जे सुकै भएतापनि, जगत् र मानव जीवन सम्बद्ध विविध प्रश्नहरूलाई उजागर गर्ने, चिन्तन गर्ने, बहस गर्ने, विमर्श गर्ने, संवाद गर्ने कार्य सबैतिरका सबैथरी अध्येता, चिन्तक, विचारक, दार्शनिकहरूको साझे विशेषता रहिआएको छ । दर्शनशास्त्र भनिने विधामा पाठ्यवस्तु वा अन्तर्वस्तु के के हुने भन्ने सवालमा मतैक्य नहुन सक्छ तर केही न केही आधारभूत तत्त्व साझा अवश्य भेटिन्छ । दर्शनको विशेषतामा वैविध्य, वैभिन्न्य र ऐक्य पनि पर्नु स्वाभाविक हो ।

हुन त दर्शनशास्त्रको तुलनामा बढी लोकप्रियता कमाएका अनेकौँ विधाहरू छन् । मात्रात्मक मापदण्डबाट हेर्दा वा बजारमा रोजगारीका अवसरका हिसाबले हेर्दा दर्शनशास्त्रको उपयोगिता कस्तो देखिएला भन्ने कुराले यसको औचित्य निर्धारण हुने हो त ? त्यस्तो भएको भए त दर्शनशास्त्रको प्रवाह उहिल्यै बाधित हुँदो हो । त्यस्तो होइन । मानव जीवनका शाश्वत् प्रश्नहरूको उत्तर दर्शनशास्त्रविना सम्भव नदेखेर मानव समाजले यो विधालाई अविच्छिन्न महत्त्वपूर्वक लिइरहेको देखिन्छ ।

मानव जीवनको लक्ष्य के हो ? यो प्रश्नको उत्तर दिने अनेक तरिकाहरू हुन सक्छन् । दर्शनको दायरा कति विस्तृत हुने भन्ने कुरा उपर्युक्त अनेक तरिकाहरू वा दृष्टिकोणहरू अनुसार फरक पर्न सक्छ । तथापि दर्शनको बीज त मानव अस्तित्व नै हो भन्नको लागि अल्मलिनु पर्दैन । हाम्रो जीवन र हामी अस्तित्वमान् रहेको जगत् नभएको भए दर्शनशास्त्रको आवश्यकता पर्ने नै थिएन ।

हामी अस्तितत्वमा छौँ, जगत् पनि अस्तित्वमा छ र हामी आफू स्वयंदेखि सारा सृष्टिसम्म जान्न चाहन्छौँ ।

यो जिज्ञासाकै कारणले दर्शनशास्त्र पनि आवश्यक परेको हो । हामीलाई केही देख्ने दरकार वा सरोकार छ, त्यसैले दर्शनशास्त्रको औचित्य रहेको हो । देख्नु वा दर्शन प्रक्रियालाई यहाँ सारा ज्ञानमार्गको उपलक्षणका रूपमा लिइएको छ ।

वैदिक मान्यता अनुसार मानव भएर जन्मेपछि पाउनु पर्ने चारवटा लक्ष्य (पुरूषार्थ) छन्- धर्म, अर्थ, काम र मोक्ष । पहिलो पुरूषार्थका रूपमा रहेको धर्मले हामीलाई आफ्नो अस्तित्व, विशेषता, चरित्र, जीवन, जगत् र कारण समेतको ज्ञान दिन्छ । धर्मको धारणा भएपछि हामी वास्तवमा मानव बन्छौँ । त्यसैले धर्मलाई प्राथमिक पुरूषार्थ मानियो । यसले पात्रता निर्धारण गर्छ । पात्रता भइसकेपछि अधिकारभेद अनुसारका प्राप्तव्य हुन् त्रिवर्ग (अर्थ, काम र मोक्ष) । किनभने हाम्रो अस्तितत्व नै त्रिआयामी छ । पहिलो हो- स्थूल । दोस्रो हो- सूक्ष्म । तेस्रो हो- कारण । हाम्रो शरीर हो स्थूलको उदाहरण । हाम्रो मन हो सूक्ष्मको उदाहरण । जीवात्मा हो कारणको उदाहरण । तुरीयमा पुग्न स्थूल, सूक्ष्म र कारण नजानी हुँदैन । स्थूल जगत्को प्राप्ति हो अर्थ । सूक्ष्म जगत्को प्राप्ति हो काम । कारण जगत्को साक्षात्कार हो मोक्ष । त्रिआयामी अस्तित्व छ, त्यसैले पुरूषार्थ चतुष्टयमा त्रिवर्ग समाविष्ट छन् । त्रिवर्ग भन्दा पनि पहिल्यै धर्म छ किनभने यसले पात्रता निर्धारण गर्छ ।

शरीरको विभु मन हो र मनको विभु आत्मा हो । आत्मा हो परमात्माको अंश । यी सबै सृष्टिमा सहअस्तित्वमान् छन् सातत्यमा । सृष्टि नै लय भएको अवस्था अर्कै हो । तर जहाँसम्म सृष्टिको दायरा छ त्यहाँसम्म त शरीर, मन, आत्मा र परमात्मा सबै सातत्यको सम्बन्धमा छन् । त्यसैले शरीर पनि जान्नु पर्छ, मन पनि जान्नु पर्छ र आत्मा पनि जान्नु पर्छ । आत्मज्ञानले परमात्मा साक्षात्कार हुने हो । मोक्ष सोही अवस्थाको संज्ञा हो । मोक्षको लागि मानव शरीरलाई नै साधन मानिनुको तात्पर्य बुझ्ने हो भने शरीर, मन र आत्मा तीनवटैको सातत्यको सम्बन्ध स्पष्ट भइहाल्छ । त्यसैले धर्म, अर्थ, काम र मोक्ष सबै महत्त्वपूर्ण छन् । त्यसैले अविद्या र विद्या दुईटै जान्नु पर्छ । वैज्ञानिकतायुक्त धर्म एवम् धार्मिकतायुक्त विज्ञान भनिएको कारण यसरी बुझ्न सकिन्छ ।

इन्द्रियेभ्यः परं मनो मनसः सत्त्वमुत्तमम् ।
सत्त्वादधि महानात्मा महतोऽव्यक्त मुत्तमम् ॥
अव्यक्तात्तु परः पुरूषो व्यापकोऽलिङ्ग एव च ।
यं ज्ञात्वा मुच्यते जन्तुरमृतत्त्वं च गच्छति ॥

–कठोपनिषद्, द्वितीय अध्याय, तृतीय वल्ली, श्लोक ७–८

अर्थात् इन्द्रिय भन्दा मन श्रेष्ठ छ, मन भन्दा बुद्धि उत्तम छ, बुद्धि भन्दा त्यसको स्वामी जीवात्मा उच्च छ र जीवात्मा भन्दा अव्यक्त शक्ति (प्रकृति अथवा माया) उत्तम छ । परन्तु अव्यक्त भन्दा पनि परमात्मा श्रेष्ठ छन्, जो निराकार रूपले सर्वत्र व्याप्त छन् । यही ब्रह्मतत्त्वको ज्ञान भएर नै जीवात्मा मुक्त हुन्छ र अमृतस्वरूप ब्रह्ममा प्राप्त हुन्छ । शब्दब्रह्मका मान्यतामा ब्रह्मको साक्षात्कार हुने हो । परा साक्षात्कार । परा र अपराको थप चिन्तन पनि छ ।

क्रमशः

भाषा तथा आमसञ्चार विभाग, काठमाडौं विश्वविद्यालय,
धुलिखेल, काभ्रे

श्रीरामकृष्णवचनसुधा
नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल
ज्ञानेश्वर काठमाडौं,
मो. ९८६२५९६५७२

श्रीराधाको धरावतरण

-भागवतश्री न्यौपाने

परापूर्वकालमा घटेको यो गोलोकधामको घटना हो। श्रीकृष्णका तीन रानीहरू थिए- श्रीराधा, विरजा र भूदेवी। यी तीनजनामा श्रीराधा सबैभन्दा प्रिय थिइन्।

एकदिन भगवान् श्रीकृष्ण एकान्त वनमा विरजादेवीसँग विहार गर्दै हुनुहुन्थ्यो। त्यसैबेला श्रीराधा आफ्ना साथीहरूसँग त्यस ठाउँमा जान लाग्नुभयो। त्यो निकुञ्जमा पस्ने ठाउँमा श्रीकृष्णद्वारा नियुक्त गरिएका पार्षद श्रीदामाले पहरा दिइरहेका थिए। गोप श्रीदामाले राधासहितको समूहलाई त्यस निकुञ्जभित्र जान दिएनन्। श्रीदामाको त्यस्तो व्यवहारले राधा र अन्य सखीहरू भावविह्वल भएर रून लागे। आफ्नी प्रिय राधाको त्यो कारूणिक अवस्था देखेर श्रीकृष्ण त्यहाँबाट अन्तर्ध्यान हुनुभयो। रानी विरजा पनि अत्यन्त दुःखी भएर समुद्रले धर्तीलाई घेरेझैं नदी बनेर गोलोकमा चारैतिर बहन थाल्नुभयो।

यसैबेला विरजा र श्रीकृष्णका सात जना छोराहरू: लवण, इक्षु, सुरा, घृत, दही, दुग्ध र जल यी सात समुद्र बनेर पृथ्वीमा आए।

आफ्ना प्रियतम श्रीकृष्णसँग मिलन हुन नपाएपछि द्वारपाल बसेका श्रीदामालाई राधाले असुरयोनीमा जन्म होस् र गोलोकबाट बाहिर हुनु परोस् भनेर श्राप दिइन्। राधाको यस्तो वचन सुनेर श्रीदामाले पनि राधालाई भगवान् श्रीकृष्ण सधैं सँगै हुनुभएकोले अभिमान आएको हो। तपाईको पनि मानवचोलामा जन्म होस्। गोकुलमा श्रीहरिको अंश महायोगी राजा नामको एक वैश्य हुनेछन्। तपाईको छायाँरूप उनको साथ हुनेछ र पृथ्वीका मानिसहरूले तपाईलाई राजाको पत्नी सम्झनेछन्। अतः भगवान् श्रीकृष्णबाट पृथ्वीमा केही समयको लागि तपाईको वियोग हुनेछ।

यसरी एकअर्कालाई श्राप दिएपछि आ-आफ्नो भाग्य र कर्म सम्झेर श्रीराधा र श्रीदामा दुबैजना दुःख मान्दै चिन्तामा डुबी रहे। त्यसैबेला भगवान् श्रीकृष्ण त्यहाँ प्रकट हुनुभयो। श्रीकृष्णले श्रीदामालाई सान्त्वना दिँदै भन्नुभयो- 'तिमी त्रिभुवन विजेता शंखचुड नाम गरेको असुर हुनेछौ र अन्त्यमा भगवान् शंकरको त्रिशुलबाट मोक्ष पाई मैसँग आउने छौ।'

त्यसैगरी भगवान् श्रीकृष्णले राधालाई पनि भन्नुभयो- 'हे राधे ! वाराहकल्पमा म पृथ्वीमा आउनेछु र व्रजमा गएर तहाँको वनमा तिमीसँगै विहार गर्नेछु। म छँदाछँदै तिमीले चिन्ता गर्नुपर्ने केही कुरा छैन। श्रीदामाले दिएको श्रापको सत्यताको लागि मेरो बाहिरी स्वरूपसँग केही समय तिम्रो विछोड हुनेछ।'

ब्रह्मबैवर्त पुराण अनुसार भगवान् श्रीकृष्णले गोपी तथा गोपिनीहरूलाई बोलाएर भन्नुभयो- 'हे गोप-गोपिनीहरू हो ! तिमीहरू व्रजमा गोप-गोपिनीहरूको घरमा जन्म लिन जाओ। राधिके ! तिमी पनि वृषभानुको घरमा अवतार लिनू। वृषभानुकी पत्नी कलावती लक्ष्मीको अंशबाट प्रकट भएकी सुबलकी पुत्री हुन्। पूर्वकालमा दुर्वासाको श्रापको कारण उनको व्रजमण्डलमा गोपीका घरमा जन्म भएको हो। तिमी तिनै कलावतीको छोरीको रूपमा गर्भमा रहनू। नौ महिनासम्म गर्भमा मायाद्वारा वायु भरेर रोकिइनू। दश महिना भएपछि मात्र धर्तीमा प्रकट हुनू। त्यतिबेला आफ्नो दिव्यरूप त्यागेर शिशुरूप धारण गर्नु। तिम्रो जन्म अयोनिजारूपमा होस्। म पनि अयोनिजा रूपमै आफूलाई प्रकट गर्नुछु। किनकी हामी दुईको कसैको गर्भमा बसेर जन्मन असम्भव छ। म बालक रूपमै त्यहाँ आएर तिमीलाई भेटिने छु। तिमी मेरो लागि प्राणभन्दा पनि प्रिय छौ र तिम्रो लागि म पनि त्यस्तै नै छु। हामी सधैं एकरूप मै छौं।

धर्तीमा जन्म भएपछि आफ्नो कर्तव्य पुरा गरी धर्तीको भार हरी तिमी र गोपीहरूसहित मेरो पुनः गोलोकमा आगमन हुनेछ ।

श्रीकृष्णको यस्तो भावमय वचन सुनेर श्रीराधा रून लागिन् र भनिन्- 'हे मायापते ! यदि तपाई मलाई पृथ्वीमा पठाएर मायाले भरिपूर्ण पार्न चाहनुहुन्छ भने मेरो मन हजुरको अमृतरूपी चरणमा लागिरहोस् भनेर प्रतिज्ञा गर्नुहोस् । मेरो जन्म जहाँ, जुन योनिमा भए पनि मलाई सदैव हजुरको नामको स्मरण भइरहोस् र दासीको रूपमा स्वीकार गरिरहनुहओस् ।'

'जसरी शरीर छायाको साथ र प्राण शरीरको साथ रहन्छ त्यसै प्रकारले हामी दुईको जन्म र जीवन सँगैसँगै बितोस् । म हजुरको मुरलीलाई नै आफ्नो शरीर मान्दछु र मेरो हृदय हजुरको चरणबाट कहिल्यै अलग हुँदैन । त्यसैले छुट्टिने कुरा हुनासाथ मेरो आँखा ओभाएको छैन र हामी दुबैको आत्म, मन र प्राण एकैसाथ विचलित भइरहेका छन् ।

राधाको यस्तो कुरा सुनेर भगवान् श्रीकृष्ण एकछिन शान्त हुनुभयो । उहाँले विस्तारै राधातर्फ हेर्दै भन्नुभयो- 'हे राधा ! सारा संसार आधार र आधेयको रूपमा बाँडिएको छ । यसमा पनि आधारबाट पृथक भएर आधेयको अस्तित्व सम्भव छैन । मेरो आधारस्वरूपा तिमी नै हौ । किनकी म सधैं तिमी भित्रै रहेको छु । हामी दुईमा कुनै भेद छैन । जहाँ आत्मा छ, त्यहाँ शरीर छ । म विना तिमी निर्जीव छौ र तिमी विना म अदृश्य छु । जसरी कुमालेले माटो विना घैंटो बनाउन सक्दैन त्यसैगरी तिमी विना म संसारको रचना गर्न सक्दिन । अतः अबुझ जस्तो बनेर आँशु नबगाऊ । बरू निडर र निस्फिक्री भावले गोप-गोपिनीहरूसँग वृषभानुको घर जाऊ । म मथुरापुरीमा श्री वासुदेवको घर जाने छु ।'
यति भनेर दुबैजना धर्तीमा अवतरित भए ।

यसैगरी श्रीगर्गसंहितामा श्रीराधाले श्रीकृष्णलाई भन्नुहुन्छ- 'प्रभु ! जहाँ वृन्दावन छैन, यमुना छैन, गोवर्धन पर्वत पनि छैन, त्यस्तो ठाउँमा मेरो मन रमाउन सक्दैन ।'

श्रीराधाले यसरी आफ्नो मन व्याकुल भएको कुरा गरेपछि भगवान् श्रीकृष्णले आफ्नो गोलोकबाट चौरासीकोष भूमि, गोवर्घन पर्वत एवम् यमुना नदीलाई धर्तीमा पठाउनुभयो ।

त्यसपछि श्री राधाले भगवान् श्रीकृष्णलाई सातचोटि परिक्रमन र सातचोटि प्रणाम गरेर गोपगोपीहरूको समूहलाई साथै लिएर पृथ्वीमा आउनुभयो । यसका साथै श्रीराधाका प्रिय सखीहरू र श्रीकृष्णका प्यारा गोपहरू विभिन्न लीलाहरू रच्नका लागि व्रजमा गोपीहरूको घरघरमा जन्म लिनुभयो ।

श्रीराधाकृष्णको धर्तीमा अवतरण व्रजमा अनन्त प्रेमको रसधारा बगाउनका लागि निमित्तको रूपमा रचिएको लीलाको एउटा रूप हो । यसैकारणले लीलामय श्रीकृष्ण र श्रीराधा वराहकल्पमा यस पृथ्वीमा अवतरित हुनुभएको हो ।❖

-सेतोपुल, काठमाडौं

हार्दिक शुभकामना

नव वर्ष २०८१ को पावन अवसरमा हाम्रा वडाबासी लगायत देश-विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु, एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

का. म. पा. वडा नं. - ९

बतीसपुतली काठमाडौं ।

समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
काठमाडौं नगरपालिकालाई सफा र स्वच्छ राख्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याऔं ।

चतुर्भुज स्वरूप : भगवान् विष्णु

उद्धवप्रसाद भट्टराई "चैतन्यदीप"

ब्रह्मा, विष्णु र शंकरलाई सृष्टिचक्रमा सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताको रूपमा लिइएको छ । संसारमा जे जति वस्तु, पदार्थ र चेतन जीवको उत्पत्ति हुन्छ त्यो ब्रह्माको कार्य मानिन्छ । अनि जति पनि पालन–पोषण हुँदैआएको छ त्यो विष्णुको कार्य हो । शिव अर्थात् शंकरलाई लय र संहारकर्ताको रूपमा लिइन्छ । लय भन्नाले सबै कुराबाट निवृत्त भएर केवल आत्मा तत्त्वमा पुग्नु हो । त्यसैले आत्मा ज्ञान पाउनु छ भने शंकरको उपासना गरिन्छ ।

भगवान् विष्णुको चतुर्भुज स्वरूप छ । पालनपोषण गर्नलाई एक हातले मात्र सम्भव हुँदैन । चारै हातले कर्म गर्नाले मात्र संसारको पालन हुन्छ । त्यसैले उनका भुजाहरूमा रहेका आयुधहरूको केही न केही अर्थ र संकेत भएको छ । जसलाई यथारूपमा बुझ्न आवश्यक छ । ती चार भुजाहरूमा सुदर्शन चक्र, शङ्ख, गधा र पद्म रहेका छन् ।

के भनिन्छ भने सुदर्शन चक्र एक यस्तो अचूक अस्त्र थियो जसलाई छोडेपछि त्यसले लक्ष्यलाई पछ्याउँथ्यो र उसको काम तमाम गरेर मात्र पुनः छोडिएको स्थानमा आउँदथ्यो । यस चक्र भगवान् विष्णुको तर्जनी अंगुली वा चोरी औँलामा घुमिरहेको बताइन्छ । सबभन्दा पहिले यो चक्र भगवान् शिवसँग थियो । यो चक्र विष्णुलाई भगवान् शिवले दिनु भएको भन्ने भनाइ छ ।

अब आउँछ भगवान्का हातमा भएका आयुधहरूको । के साँच्चिकै हामीले चित्रमा जे देखेका छौं त्यही हो त । यो हुन पनि सक्छ नहुन पनि सक्छ । किनकि विष्णुलाई त्यो स्वरूपमा कसैले पनि देखेका छैनन् । यसको अर्थ कसैले निद्रामा देखे होलान् त कसैले स्वप्नमा देखेका होलान् । प्रत्यक्ष यो आँखाले त्यो रूपलाई कसैले पनि देखेका छैनन् । त्यसैले भगवान्का हातमा भएका जति पनि आयुधहरू छन् ती प्रतीकात्मक हुन् भन्न सक्छौं । स्वामी सच्चिदानन्द विशुद्धदेवले आफ्नो चरित्र विज्ञान पुस्तकमा ती चार हातमा भएका आयुधलाई यसरी व्याख्या गर्नु भएको छ ।

सुदर्शन चक्रलाई कालको प्रतीक, शङ्खलाई गतिको प्रतीक, गदालाई कर्मको प्रतीक र पद्मलाई करूणाको प्रतीक मानी व्याख्या गरिएको छ । यसको अर्थ काल, कर्म, गति र करूणा भएमा संसारको पालन सहजै हुन्छ भन्ने संकेत गर्दछ । चार हातमा भएको चिन्हले काल, गति, कर्म र करूणालाई

पालन शक्तिको संकेत गरेको छ भने स्वयम् विष्णुलाई चेतन ब्रह्मको प्रतीक मानेको छ । यसलाई स्वविश्लेषण गर्दा, चार हातमा भएका ती शङ्ख, गदा, चक्र, र पद्मलाई धर्म, अर्थ, काम र मोक्ष अर्थात् सत्य, त्रेता, द्वापर र कलीको सांकेतिक अर्थ दिएको हुनसक्छ । अर्को अर्थ ऋगवेद, यजुर्वेद, सामवेद र अथर्ववेदलाई पनि संकेत गरेको हुनसक्छ ।

पुराणहरूका अनुसार विभिन्न देवताहरूसँग आफ्ना–आफ्ना चक्र हुन्थे । सबै चक्रहरूको अलग-अलग क्षमता हुन्थ्यो र सबैका चक्रहरूको नाम पनि फरक फरक थियो । महाभारत युद्धमा भगवान् कृष्णसँग सुदर्शन चक्र थियो । यो सुदर्शन चक्र कहाँबाट आएको थियो र चक्रहरूको जन्मदाता को थियो ? के आज पनि यस्तो खालको अस्त्र बनाउन सकिन्छ ? वा कि यो कुनै एक चमत्कारिक शक्तिबाट सञ्चालित हुन्थ्यो ? वा कुनै यन्त्रबाट सञ्चालित थियो ? तर मेसिनद्वारा सञ्चालन होइन भन्ने कुरा त शास्त्रले यकिन गरिसकेको छ । यस्ता कतिपय सवालहरू छन् जसको राम्ररी खोज हुन सकेको छैन, जसको रहस्य अझै पनि यथावत रहेको छ । यद्यपि हिजोआज यस्ता मिसाइलहरू बन्न थालेका छन्, जसले निर्दिष्ट लक्ष्यलाई भेदन गरेर पुनः फर्केर आउँछन्, तथापि चक्र जस्तो अस्त्र त साँच्चै अद्भूत छ ।

वास्तवमा सुदर्शन चक्र कालको प्रतीक मान्दा अलि यथार्थ हुन्छ । किनकि काल घुम्दै फिर्दै फेरी त्यही ठाउँमा आउँछ । जस्तै जन्म, जीवन र मृत्यु काल हो, त्यही कालअनुसार फेरि पुनर्जन्म । यो क्रिया निरन्तर चली रहेको छ । कालको फन्दामा परेको कोही जीव संसारमा बच्दैन । त्यस्तै सुदर्शन चक्र विष्णुले प्रहार गरे पछि त्यो सर्वनास गरेर मात्र विष्णुको हातमा फर्कन्थ्यो । त्यस्तै शङ्खले आवाज दिने भएकोले आवाज अर्थात् स्वरलाई गति रूपमा मानिएको छ । गर्दा भन्नासाथ सबैले बुझ्ने कुरा कर्म भन्ने स्वतः बुझिन्छ । पद्म भन्नाले फूलको संज्ञा दिन्छ । फूल कोमल हुन्छ, आनन्द दिनेवाला हुन्छ । कोमलता नै करूणाको रूप हो । करूणा भएन भने संसार विनास हुन्छ । त्यसैले पालन हारको हातमा करूणाको खानी रहेको हुन्छ ।❖

कुमारीगाल, काठमाडौं

वैशाख महिनाका पर्व तथा विदा

१ गते नयाँ वर्ष/मेष सङ्क्रान्ति/बिस्काः जात्रा
४ गते जनबहा द्यः जात्रा (सेतो मच्छिन्द्रनाथ जात्रा)/चैते दशैँ/भौमाष्टमी व्रत/गोरखकाली पूजा
५ गते श्री राम नवमी व्रत
६ गते विश्व सम्पदा दिवस
७ गते कामदा एकादशी व्रत
८ गते छन्द दिवस
९ गते महावीर जयन्ती/प्रदोष व्रत
११ गते लोकतन्त्र दिवस/पूर्णिमा व्रत/हनुमान जयन्ती/वैशाख स्नान प्रारम्भ
१५ गते स्वामी शशिधर जन्मजयन्ती
१९ गते अन्तर्राष्ट्रिय श्रमिक दिवस/बुधाष्टमी व्रत/गोरखकाली पूजा
२१ गते विश्व प्रेस स्वतन्त्रता दिवस
२२ गते बरूथिनी एकादशी व्रत
२३ गते प्रदोष व्रत
२४ गते किराँत समाज सुधार दिवस
२६ गते मातातीर्थ औंसी(आमाको मुख हेर्ने दिन)/विश्व रेडक्रस दिवस/कानून दिवस
२७ गते ललितपुर मत्स्यन्द्रनाथ रथारोहण
२८ गते अक्षय तृतीया व्रत/परशुराम जयन्ती
२९ गते ललितपुर मच्छिन्द्रनाथ रथ यात्रा
३० गते आद्यगुरू शंकराचार्य जयन्ती/रामानुजाचार्य जयन्ती

शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने समस्त दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

सुशीला नेपाल,
अध्यक्ष एवम्
श्री हरि कीर्तन दिव्य सेवा समाज, परिवार

राष्ट्रिय कोटिहोम- २०८०

डा. कान्ता भट्टराई

२०८० फागुन २ देखि चैत २ गतेसम्म ब्रह्मस्थली (बल्थली)मा राष्ट्रिय कोटिहोम सङ्कल्पकर्ता ओमकार टेलिभिजन तथा ओमकार फाउण्डेशनका संस्थापक अध्यक्ष मुकुन्द शर्मा हुँमागाईबाट भएको हो । एक महिना लामो राष्ट्रिय कोटिहोम भव्य र सभ्य रूपमा सम्पन्न भइसकेको छ । नेपालका ७७ जिल्ला र विदेशबाट पनि श्रद्धालु भक्तहरूको आगमनले यो कोटिहोम यथार्थमा नै राष्ट्रिय कोटिहोम बन्न पुगेको छ । यसरी स्वदेश तथा सात समुद्र पारिदेखिका विदेशी भूमिबाट पनि कोटिहोमको दर्शन गर्न भक्तालुको उपस्थितिले यज्ञमा रौनकता थपिएको अनुभूति भएको छ । जनताको पूर्ण साथ र सहयोगबाट राष्ट्रिय कोटिहोमले पूर्णता प्राप्त गरेको हो ।

ब्रह्मस्थली नै अपभ्रंश भई बल्थलीमा परिणत भएको जनश्रुति रहेको छ । सरलतातिर बग्नु भाषाको वैशिष्ट्य हो । ब्रह्मस्थलीको बीच भागमा भूदेवहरूको बाक्लो बसोबास रहेको छ । ज्ञानका पुञ्ज ब्राह्मणहरूको थाकथलो भएको हुनाले यो क्षेत्र धार्मिक, सभ्य र शिष्ट रहेको देखिन्छ । लड्कु गङ्गा, लीलावती (रोशी) र चिण्ये नदीको सङ्गमस्थल ब्रहास्थलीमा लड्केश्वर महादेव पर्वताकारमा उधोतिर फर्किनु भएको छ । त्यहीको कन्दरामा दिव्य ज्योति पनि देख्न सकिन्छ । नियालेर हेर्दा लड्केश्वर महादेव, गौरी र गणेशका साथमा विराजमान भएको पाइन्छ । लड्केश्वर महादेवले ठूलो दाना भएको रूद्राक्षको माला पहिरिनु भएको स्पष्ट देखिन्छ । गुप्त गङ्गाले भगवान् लड्केश्वर महादेवलाई जलले निरन्तर सेचन गरिरहनु भएको छ । दर्शनार्थीहरूको शिरमा पनि गङ्गाले जल बर्षाइ रहनुभएको पाइन्छ । यस्तो अद्भूत दृश्य यही पुण्यधाम ब्रह्मस्थलीमा मात्र देख्न सकिन्छ । पर्वतको शिरोभागमा मानव बस्ती छ । चारैतिर रहेको उच्च पर्वतको बीच भागबाट बाक्लै जलको थोपाले लड्केश्वर महादेको अभिषेक हुनु आश्चर्यजनक छ । यस्तो दिव्य कृपाप्रसाद प्राप्त हुनु हामी नेपालीहरूको निम्ति शौभाग्यको कुरा हो ।

भगवान् शिव आशुतोष हुनुहुन्छ । उहाँ परोपकारको प्रतिमूर्ति हुनुहुन्छ । उहाँको परोपकारिताले तीनै लोकमा प्रसिद्धि प्राप्त गरेको छ । अमृत प्राप्तिका निम्ति देव-दानव दुवै मिलेर समुद्र मंथन गर्दा चौध रत्नहरू जस्तो कि कौस्तुभ मणि, लक्ष्मी, ऐरावत हात्ती, अमृत, उच्चैश्रवा घोडा, अप्सरा, अलक्ष्मी, धन्वन्तरी, कालकूट विष, चन्द्रमा, कामधेनु, मदिरा, पारिजात, कल्पवृक्ष (पीपल) प्रकट भए । कौस्तुभमणि वैकुण्ठाधिपति नारायणले लिनुभयो । लक्ष्मीले धेरै विचार गरेर समस्त सद्‌गुण नित्य निवास गर्ने प्राकृतिक गुणले स्पर्श गर्न नसक्ने अणिमा महिमा आदि सबै तत्त्वले नारायणलाई नै चाहने तर उहाँ कसैको अपेक्षा नराख्ने भगवान् जो लक्ष्मीको एकमात्र आश्रय हुनुहुन्छ; उहाँलाई नै वरण गर्नुभयो । जगत्पिता भगवान्‌ले जगज्जननी समस्त सम्पत्तिकी अधिष्ठातृ देवी लक्ष्मीजीलाई आफ्नो वक्षस्थलमा नै सर्वदा निवास गर्नका लागि स्थान दिनुभयो । लक्ष्मी, नारायणको वक्षस्थलमा ससम्मान विराजित भएर आफ्नो करूणामय दृष्टिबाट तीनै लोकको अभिवृद्धि गर्नुहुन्छ ।

ऐरावत हात्ती देवराज इन्द्रले लिए । उच्चैश्रवा घोडा बलिले लिए । अमृत नारायणले मोहिनी रूप धारण गरी देवगणलाई पान गराउनु भयो । अप्सरा स्वर्गमा रमाउन थाले । दुष्ट दुराचारी कहाँ अलक्ष्मी बस्न पुगिन् । कामधेनु ऋषिमुनिहरूले यज्ञकार्य सम्पन्न गर्न ग्रहण गरे । पारिजात, कल्पवृक्ष स्वर्गका सम्पत्ति बने । मदिरा दानवले ग्रहण गरे । जब कालकूट विष समुद्रबाट निस्कियो । त्यसको प्रभाव दिशा विदिशा, माथि तल सर्वत्र पर्न थाल्यो । त्यो विषको असह्य प्रभावबाट बच्ने कुनै उपाय थिएन । देव-दानव सबै भयभीत भएर भगवान् सदाशिवको शरणमा गए ।

भगवान् शङ्कर सतीदेवीका साथमा कैलाश पर्वतमा विराजमान हुनुहुन्थ्यो । ठूलाठूला ऋषि-महर्षिहरूले उहाँको सेवा गरिरहेका थिए । परोपकारी भोलेनाथ शिव स्वर्ग, मर्त्य र पाताल तीनै लोकको अभ्युदय र मोक्षका निम्ति तपस्यामा लीन हुनुहुन्थ्यो । प्रजापति लगायत सम्पूर्ण देव-दानवहरूले उहाँको दिव्य दर्शन गरी तीनै लोकलाई भष्म

गर्ने उग्र विषबाट रक्षा गर्न आराधना गरे । भगवान् शङ्कर सबै प्राणीको आत्मा र जीवनदाता हुनुहुन्छ । शरणागतको दुःख, पीडा नाश गर्ने जगत्गुरू नै हुनुहुन्छ । उहाँ स्वयं प्रकाश हुनुहुन्छ–

अग्निर्मुखं तेऽखिलदेवतात्मा
क्षितिं विदुर्लोकं भवाङ्घ्रिपङ्कजम् ।
कालं गतिं तेऽखिलदेवतात्मनो
दिशश्च कर्णो रसनं जलेशम् ॥ –श्रीमद्भागवत ८/७/२६

अग्नि महादेवको मुख हो । पृथ्वी चरणकमल हो । काल प्रभुको गति हो । दिशाहरू कान हुन् । वरूण रसेन्द्रिय हुन् ।

भगवान् शिवका लीलाहरू अव्यक्त छन् । तर संसारको कल्याणका लागि उहाँ व्यक्त रूपमा रहनुहुन्छ । यो उहाँको ठूलो परोपकारिता हो । भयभीत भएका देव–दानवलाई सान्त्वना दिँदै भगवान् शिवले भन्नुभयो म तिमीहरूलाई निर्भयता प्रदान गर्दछु । जीवनको सफलता भन्नु नै दीन–दुःखीहरूको रक्षा गर्नु हो । सज्जन व्यक्तिहरू आफ्नो क्षणभङ्गुर प्राणको बलि दिएर पनि अरूको रक्षा गर्दछन् । मानिसहरू मोह तथा मायामा अल्झिएर मोहित भइरहेका छन् । जसले गर्दा एक अर्कामा वैरभाव राख्तछन् । जसले असहाय, पीडित, दुःखमा परेकालाई कृपा गर्दछ ऊसँग जगतसँगै प्रसन्न हुन्छ भनेर प्रजाको कल्याणका लागि विष सेवन गर्नुभयो ।

भगवान् शिव विश्वको जीवनदाता हुनुहन्छ । कृपालु हुनुहुन्छ । उहाँकै शक्तिबाट समस्त प्राणी जीवित रहेका छन् । त्यो विषको सेवनबाट उहाँको घाँटी नीलो भयो । यसरी प्रजाको कल्याण गर्नका निम्ति स्वयंले प्रजाको दुःख लिनुभयो तर त्यो दुःख होइन, त्यो त सबैको हृदयकमलमा विराजित भगवान्को परम आराधना थियो । यो शिवको परोपकारिताको पराकाष्ठा हो । त्यसैले त भगवान् शिवको आराधना देव–दानव सबैले गर्दछन् ।

जगदीश्वर महादेवले कालकूट विष सेवन गरेपछि उहाँलाई असह्य पीडा भएकाले लड्कु, चिण्ये र लीला गङ्गाको संगममा डुबुल्की लगाउनुभएपछि केही शान्ति प्राप्त भयो । उहाँ ब्रह्मस्थलीको विशाल पर्वतमा सपरिवार विराजमान हुनुभयो । गुप्त गङ्गाले लड्केश्वर महादेव रहनुभएको विशाल पर्वतबाट जल सेचन गर्दा उहाँलाई शितलता प्राप्त भयो । केही समय विश्राम गरी त्रिशुली नदीलाई प्रकट गरी गोसाईकुण्डतिर लाग्नु भएको जनश्रुति रहेको छ । पृथ्वीमा भएका सम्पूर्ण मानवका निम्ति लड्केश्वर महादेवले यस्तो गर्नु ठूलो कृपा हो ।

प्रकृतिको अद्भूत वरदानको रूपमा रहेको ब्रह्मस्थली धाममा मृगहरूका झुण्डका झुण्ड स्वतन्त्र रूपमा विचरण गरिरहेका देखिन्छन् । मृगहरू रहेका पवित्र स्थलमा नै कोटि महायज्ञ हुनुपर्दछ भन्ने शास्त्रीय मान्यता रहेको पाइन्छ–

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः ।
स ज्ञेयो यज्ञियो देशो म्लेच्छदेशस्तत्वस परः । –मनुस्मृति २/२३

लीलावती(रोशी) लड्केश्वर महादेवको परिसरमा उत्तरवाहिनी भएर बसेकी छन् । त्यसैले यो क्षेत्र पितृ श्राद्धका निम्ति पुण्यदायी मानिन्छ ।

मानिसले जीवनमा चार प्रकारका कर्म गर्दछन्–

१. निकृष्ट कर्म : जब मानिसमा राक्षसी प्रवृत्ति हावी हुन्छ, ऊ अर्काको मिहनेत लुटेर, खोसेर खान्छ । ऊ यस्तो निन्दित कुकर्म गर्दा लज्जित हुँदैन । उसको यो निकृष्ट कर्म हो ।

२. सामान्य कर्म : आफ्नो काम गर्ने, दायाँ–बायाँ केही मतलव नगर्ने यस्तैमा रमाउने सामान्य कर्म हो ।

३. उच्च कर्म : पाटी पौवा बनाउने, इनार–कुवा खन्ने, दान दिने, नदी सफा गर्ने, पूजा–आजा गर्ने कर्म उच्चमा पर्दछन् ।

४. उच्चतम कर्म : 'यज्ञो वै श्रेष्ठतमो कर्म' यज्ञ नै मानव जीवनको उच्चतम कर्म हो । यज्ञद्वारा नै समस्त संसारको कल्याण हुन्छ । यज्ञमा लोक कल्याणको भावना विशेषरूपमा निहित हुन्छ । जनताको कल्याणका निम्ति यज्ञ गरिन्छ ।

न हि यज्ञसमं किञ्चित् त्रिषु लोकेषु विद्यते ।
तस्माद्यष्टव्यमित्याहुँ पुरुषेणानुसूयते ॥ –महाभारत शान्तिपर्व ६१/५३

तीनै लोकमा यज्ञ बराबर कुनै उत्तम वस्तु छैन । त्यसैलो दोष दृष्टि रहित भएर मनुष्यले यज्ञ गर्नुपर्दछ । त्यसकारण यज्ञ उच्चतम कर्म मानिन्छ ।

यज्ञको स्वरूप

◆ यजनं इन्द्रादि देवानां पूजनं सत्कार भावनं यज्ञः ।

इन्द्रादि देवताहरूको पूजन तथा सत्कारलाई यज्ञ भनिन्छ ।

- इज्यते असौ इति यज्ञ (विष्णु)

  भगवान् विष्णुलाई यज्ञ भनिन्छ ।

- इज्यन्ते सम्पूजिताः तृप्तिमासाद्यन्ते देवा अत्रोति यज्ञः । यज्ञमीमांसा पृ. २

  जुन कार्यमा देवगण पूजित भएर तृप्त हुन्छन्, त्यसलाई यज्ञ भनिन्छ ।

- यदात्मकमिदं विश्वं ऋतवश्च यदात्मकाः ।

  अग्निराहुतयो मन्त्राः साख्यं योगश्च यत्परः ॥

–श्रीमद्भागवत १०/७४/२०

यो सम्पूर्ण विश्व श्रीकृष्णको नै रूप हो । सम्पूर्ण यज्ञ पनि श्रीकृष्णकै रूप हो । उहाँ नै अग्नि, आहूति र मन्त्रका रूपमा हुनुहुन्छ । ज्ञानमार्ग र कर्ममार्ग यी दुवै नै श्रीकृष्णको प्राप्तिका कारण हुन् । यज्ञ पुरूष नारायणले बराह अवतार लिएर पृथ्वीको उद्धार गर्नुभयो । ऋषिमुनिहरूले उहाँको स्तुति गान गर्दै भने–

यद्रोमगर्तेषु निलिल्युरंधरा

स्तस्मै नमः कारणसूकराय ते । –ऐ. ३४

हजुरको रोमकूपमा सम्पूर्ण यज्ञ लीन छन् । पृथ्वीको उद्धारका लागि यज्ञको बिस्तार गर्नु अत्यावश्यक थियो । हजुरको यो अद्भूत स्वरूपलाई प्रणाम छ । समस्त मन्त्र, देवता, द्रव्य, यज्ञ र कर्म हजुरको नै स्वरूप हो ।

नमो नमस्तेऽखिलमन्त्रदेवता

द्रव्याय सर्वक्रतवे क्रियात्मने । –ऐ. ३९

देशः कालः पृथग् द्रव्यं मन्त्रतन्त्रर्त्विजोऽग्नयः

देवता यज्ञमानश्च ऋतुधर्मश्च यन्मय ः । –श्रीमद्भागवत १०/२३/१२

देश काल अनुरूप अनेक सामग्रीहरू, मन्त्र, अनुष्ठानको पद्धति, ऋत्विज, ब्रह्म, अग्नि, यजमान, यज्ञ र धर्म यी सबैमा भगवान् नै हुनुहुन्छ ।

सनातन धर्मको जरो नै वेद, गौ, सदाचारी ब्राह्मण र यज्ञ हो । श्रीमद्भगवद्गीतामा श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ–

अहं ऋतुरहं यज्ञः स्वधाहमहमौषधम

मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् (९/१६)

सृष्टिकर्ता ब्रह्माले दक्षलाई सबै प्रजापतिहरूका अधिपति बनाउनु भयो । जसले गर्दा उनको अभिमान बढ्यो । यही अभिमान या अहंकारले उन्मत्त भएर बाजपेय नामक यज्ञमा भगवान् शङ्कर तथा ब्रह्मनिष्ठ आदिलाई यज्ञभाग नदिएर तिरस्कार गरे । पुनः वृहस्पतिसव नामक महायज्ञमा भगवान् शङ्करको द्वेषका कारण आफ्नी छोरी सतिलाई पनि डाकेनन् । सतीले पति, गुरू र माता–पिता कहाँ न बोलाए पनि जान सकिन्छ, भनेर पति शङ्करसँग अनुमति माग्दा दक्षमा प्रबल अभिमान र द्वेष भावना भएकोले महापुरूषमा हुने प्रभावलाई उनले देखेका छैनन् । उनी आफ्ना यज्ञमा आएका आफन्तप्रति पनि रोषपूर्ण दृष्टिले हेर्ने भएकाले ती मेरा पिता हुन्, बन्धु–बान्धव हुन् भनेर कदापि जानु हुँदैन भन्दा पनि सति पिताको यज्ञमा पुगिन् । त्यहाँ उनले पति शङ्करको निम्ति यज्ञ भाग छुट्याएको पाइनन् । उल्टै शङ्करलाई नाममात्रका शिव हुन्, उनी अशिव रूप, अमङ्गलरूप भनेर निन्दा गरेको सुन्दा शिव निन्दा गर्नेको शरीरबाट उत्पन्न आफ्नो शरीर त्याग्न उचित सम्झी शिवको पावन नाम लिंदै यज्ञमा आफूलाई बिसर्जन गरिन् ।

यसरी दक्षप्रजापतिबाट लगाएको यज्ञ भगवान् शङ्करप्रतिको द्वेषभावनाले सिर्जित रहेको थियो । त्यसैले उसमा उत्पन्न भएको पशु बुद्धिले गर्दा अहंकारी दक्षको यज्ञ विध्वंश गरी उसको शिर धडबाट छुट्याई यज्ञ कुण्डमा होमिदिनुभयो । ब्रह्माजीले दक्षको यज्ञ पुनरूद्धार गर्न शिवलाई बिन्ती गरेपछि उहाँले बोकाको टाउको पछाडि फर्काएर उसलाई जीवित तुल्याइ यज्ञलाई पूर्णता प्रदान गर्नुभयो । ब्रह्माजील यज्ञपुरूष नारायणको स्तुति गान गर्दै भन्नुभयो–

त्वं ऋतुस्त्वं हविस्त्वं हुताशः स्वयं

त्वं हि मन्त्र समिदर्भपात्राणि च ।

त्वं सदस्यार्त्विजो दम्पत्ती देवता

अग्निहोत्रं स्वधा सोम आज्यं पशु । –श्रीमद्भागवत ४/७/४५

हजुर नै यज्ञ हुनुहुन्छ, हवि पनि हजुर नै हुनुहुन्छ । हजुर नै अग्नि, मन्त्र, समिधा, कुश, यज्ञपात्र, सदस्य, ऋत्विज, यजमान र उनकी पत्नी, देवता, अग्निहोत्र, स्वहा, सोमरस, घृत र पशु हुनुहुन्छ । यज्ञ र सङ्कल्प दुवै हजुर नै हो । त्यसैले यज्ञ र यज्ञसँग सम्वन्धित सबै व्यक्ति सबै सामग्री यज्ञ पुरूष नै हुनुहुन्छ ।

राष्ट्रिय कोटिहोमका प्रधान आचार्य प्रा.डा. माधव भट्टराई र म दम्पत्तिसहित याज्ञिक कार्यमा सहभागी भयौं । यज्ञमा उठेका अनेकौं प्रश्नहरूको शास्त्रीय मर्यादामा रही आचार्यबाट समाधन बेलाबेलामा भई नै रहन्थ्यो । उत्कृष्टतम् सत्कर्ममा कोटिहोममा वरण भइ महिना दिनभन्दा बढी सहभागी हुन पाउनु यज्ञ पुरूषको कृपा भएको मैले अनुभूति गरेकी छु । शास्त्रमा भनिएको पनि छ–

पत्नी धर्मार्थकामानां कारणं प्रवरं स्थितम् ।
अपत्नीको नरो भूप कमयोग्यो न जायते ॥

धार्मिक कार्यमा धर्मपत्नीको अनिवार्य उपस्थिति हुनुपर्दछ । अर्थ र काम जस्ता कर्म गर्न पनि पुरूष पत्नी विना अधिकारी हुन सक्दैन ।

फागुन २ गते सङ्कल्पकर्ता मुकुन्द शर्मा हुमागाई र उहाँकी धर्मपत्नी कविता सिग्देल सहित भई भूदेवहरूको वरण गरी आचार्य, ब्रह्मा, होता, गणेश र ऋत्विजहरूको संलग्नतामा कोटिहोम शुभारम्भ भयो । कोटिहोम प्रारम्भ हुने वित्तिकै वर्षा भयो । जुन यज्ञको सफलताको सूचक हो । कोटिहोमको केही दिनपछि भएको ठूलो वर्षाले सम्पूर्ण नेपाललाई सेचन गरेको थियो । वर्षा ऋतु पछिको यो नै पहिलो भूमि सेचन थियो ।

कोटिहोमको स्तम्भअनसुार श्रुतिधर नामकरण रहन गएको कोटिहोम दिव्य तथा दर्शनीय रहेको थियो । हरेक दिन भूदेवहरूमा उत्साह, जाँगर बढ्दै गएको देखिन्थ्यो । ॐ स्वाहः को दिव्य ध्वनिले तीनै लोक गुञ्जायमान भएको जस्तो देखिन्थ्यो । कोटिहोममा चार वेद, १९ पुराणको पाठ पारायण भएको थियो । श्रीमद्देवीभागवत महापुराणको कथा तथा प्रवचन गर्ने शौभाग्य मलाई प्राप्त भयो । त्यो पनि ७७ जिल्ला परिभ्रमण गरेर आएको दिव्य रथमा बसेर जगदम्बिका भुवनेश्वरीको महिमा गान गर्न पाएँ । प्रा.डा. माधव भट्टराईबाट सो कोटिहोमलाई लक्ष्य गरी रचना गरिएको लङ्केश्वर स्तोत्रम् लङ्केश्वरं प्रभुवरं सतत नमामि म पुरै वाचन गरी जगदम्बिका भगवतीको स्तोत्र पाठबाट श्रीमद्देवीभागवतको सारगर्भित व्यवहारिक तथा दिव्य कथालाई अगाडि बढाउने गर्दथें । लगभग दुई हप्तासम्म भएको श्रीमद्देवीभागवत महापुराण प्रवचन गर्ने सिलसिलामा त्रिलोकी भगवतीको दिव्य तथा अलौकिक चरित्र र गृहस्थाश्रमको महिमा यसरी दर्शाएँ–

शक्तिः करोति ब्रह्माण्डं सा वै पालयतेऽखिलम ।
इच्छया संहरत्येषा जगदेतच्चराचरम् ॥
न विष्णुर्न हरः शक्रो न ब्रह्म नच पावकः ।
न सूर्यो वरुणः शक्रः स्वे स्वे कार्ये कथञ्चन ।

–श्रीमद्देवीभागवत १/८/३७–३८

शक्ति (जगदम्बिका भगवती) ले नै सम्पूर्ण ब्रह्माण्डको रचना गर्नुहुन्छ र इच्छानुसार यो चराचर जगत्को संहार गर्नुहुन्छ । उहाँको शक्ति बिना विष्णु, शिव, इन्द्र, ब्रह्मा, अग्नि, सूर्य र वरूण आदि कोही पनि आ–आफ्नो कार्यमा कुनै पनि प्रकारले समर्थ हुन सक्दैनन् ।

सर्वेषामाश्रमाणां च गृहस्थाश्रम उत्तमः (ऐ. १/१८/६)

सबै आश्रमहरूमध्ये गृहस्थ आश्रम नै श्रेष्ठ हुन्छ ।

विहर्त कर्म कुर्वाणस्त्यजंश्चिन्तान्वितं च यत् ।
आत्मलाभेन सन्तुष्टो मुच्यते नत्र संशयः ॥ (ऐ. १/१८/३२)

गृहस्थाश्रममा बसेर जसले शास्त्रप्रतिपादित कर्म गर्दछ, सबै प्रकारका चिन्ताबाट मुक्त रहन्छ, आत्मचिन्तन गर्दछ, जे छ त्यसैमा सन्तोष गर्दछ, ऊ अवश्य नै मुक्त हुन्छ ।

श्रीमद्देवीभागवत महापुराणमा काली गण्डकी, सुनकोशी, लीलावती (रोशी)को महिमाशाली वर्णन, मानव जीवनको उपादेयता, नेपालका पावन तीर्थस्थल गुह्येश्वरी, मुकुटेश्वरी आदिको वर्णनले नेपाल देवभूमि, ज्ञानभूमि, सिद्धभूमि भएको सिद्ध हुन्छ ।

कोटिहोमको प्रभावबाट भूमण्डल र अन्तरिक्षमा रहने सबैले प्रसन्नताको अनुभूति गरेझैं लाग्यो । श्रीमद्भगवद्गीतामा यज्ञको गरिमाको बारेमा भनिएको छ–

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ।१४।
कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ।१५।

कोटिहोममा ऋत्विजहरूले सुमधुर स्वरमा बेला–बेलामा यी ३ श्लोक वाचन गर्दा त्रेता युगमा वसिष्ठ ऋषिले गराउनु भएको पुत्रेष्ठि यज्ञ र भगवान् श्रीकृष्णको सान्निध्यमा सत्यवादी, धर्मात्मा राजा युधिष्ठिरले गर्नुभएको राजसूय यज्ञको झझल्को गराएको थियो–

यन्मुखं सर्वदेवानां येन तृप्यन्ति देवताः ।

स नो भवतु सुप्रीतो लोकनाथो हुताशनः ॥
कल्याणदात्रीं कल्याणीं सर्वकाम प्रपुरणीम् ।
हवनस्य फलप्राप्त्यै पूर्णाहुत्यै नमोनमः ॥
श्रद्धा मेधां यश प्रज्ञां विद्यां बुद्धिं बलं श्रियम् ।
तेज आयुष्य आरोग्यं देही मे हव्यवाहनः ॥

यज्ञकुण्डमा प्रज्वलित अग्निको दर्शन हुँदा उहाँकी धर्मपत्नी स्वाहा अति प्रसन्न भएको अनुभूति भएको छ । ऋत्विजहरूले ॐ नमः शिवाय ॐ स्वाहा भन्दै चरू अर्पण गर्दा स्वयं अग्निदेव र स्वाहा देवी सस्वरूप प्रकट भएर ग्रहण गर्नुभएको जस्तो लाग्दथ्यो ।

यज्ञ नारायणको स्वरूप हो । यज्ञ नै ब्रह्म हो । श्रीमद्भागवत महापुराणमा नारायण परा मखाः समस्त यज्ञ नारायणको प्रसन्नताको लागि हो भनिएको छ ।

राष्ट्रिय कोटिहोममा राजा ज्ञानेन्द्र वीर विक्रम शाहदेव, राष्ट्रपति रामचन्द्र पौडेल, नेताहरू, समाजसेवी र गुरूवर्गहरूको समुपस्थिति भएको हुनाले पनि यसको गौरव महिमाशाली भएको छ । कोटिहोममा चरूका निम्ति चाहिने तिल, जौ, चामल, घिउ आदि प्रशस्त मात्रामा श्रद्धालु भक्तहरूबाट उपलब्ध भएको थियो । भूदेव ऋत्विजहरूबाट नै चरू बनाउने, यज्ञकुण्डका निम्ति समिधा यज्ञकुण्डमा राख्ने आदि कार्यमा सक्रिएता देखाउँदा मलाई भगवान् श्रीराम जो सबै प्राणीलाई सुख दिनुहुन्थ्यो । उहाँ जब राजा हुनुभयो त्रेतायुग सत्ययुगमा परिणत हुँदा जस्तो भएको थियो त्यस्तै अनुभूति हुनपुग्यो ।

त्रेतायां वर्तमानायां कालः कृतसमोऽभवत् ।
रामे राजनि धर्मज्ञे सर्वभूतसुखावहे ॥ –श्रीमद्भागवत् ९/११/५२

यज्ञबाट हुने फाइदाः

- ❑ यज्ञबाट स्वधर्म र स्वकर्तव्यको परिज्ञान हुन्छ ।
- ❑ यज्ञबाट मनुष्य मोक्षमार्गको अधिकारी बन्छ ।
- ❑ यज्ञबाट मनुष्यमा दैवीगुणको प्रादुर्भाव हुन्छ ।
- ❑ यज्ञबाट भगवान्‌को सान्निध्य प्राप्त हुन्छ ।
- ❑ यज्ञबाट सम्पूर्ण संसारको कल्याण हुन्छ ।
- ❑ यज्ञबाट ऐश्वर्यको प्राप्ति हुन्छ ।
- ❑ यज्ञबाट रोग व्याधिहरू नष्ट हुन्छन् ।
- ❑ यज्ञबाट असल कामना पूर्ण हुन्छ ।
- ❑ यज्ञबाट असल सन्तति प्राप्त हुन्छ ।
- ❑ यज्ञबाट समस्त प्राणीको रक्षा हुन्छ ।
- ❑ यज्ञबाट सरस्वती प्रसन्न हुन्छिन् ।
- ❑ यज्ञबाट अमृत वर्षा हुन्छ ।
- ❑ यज्ञबाट मनुष्यलाई पवित्र बनाउँछ ।
- ❑ यज्ञबाट सुख र आनन्द प्राप्त हुन्छ ।
- ❑ यज्ञको अभावमा कलियुगको वृद्धि हुन्छ ।

ब्रह्मस्थली लङ्केश्वर धाममा अब कहिले पनि कलियुग (अनाचार, दुराचार, हिंसा) प्रवेश हुन सक्दैन । राष्ट्रिय कोटिहोम यहीं नै भएकाले त्यसको दीर्घकालीन प्रभावले राष्ट्रको सबैतिर शान्ति, समृद्धि हुन्छ । अरिष्ट तत्त्वहरूको विनाश हुन्छ भन्ने कुरामा दुई मत हुन सक्दैन ।

राष्ट्रिय कोटिहोममा श्रद्धालु भक्तहरूलाई फलफूल, तातो पानी, भोजनको राम्रो व्यवस्थापनले दर्शनार्थीहरू प्रसन्न मुद्रामा देखिनुहुन्थ्यो । ७७ जिल्लाबाट आएका तीर्थयात्रीहरूलाई रात्रि विश्रामको निम्ति जिल्ला अनुसार ७७ कोठा भएको विश्रामस्थल निर्माण गरिएको थियो । जसबाट भक्तहरूलाई शयनमा कठिनाई नपरोस् । आएका भक्तहरू नै कोही माला गाँस्ने, कोही बत्ती भिजाउने, कोही तील, जौ, घिउ आदिको व्यवस्थापन गर्ने आदि कार्यमा स्वस्फूर्त रूपमा लाग्नु भएको देखिन्थ्यो । ब्रह्मस्थली लङ्केश्वर धाममा भोजन, आवास आदि कुनै कुराको अभाव भएको महसुस भएन । अभाव पनि कसरी हुन्छ र ? अग्नि, स्वाहा, यज्ञ नारायण र उहाँकी धर्मपत्नी दक्षिणा प्रसन्न हुँदा फल (यज्ञ नारायण र दक्षिणाका सुपुत्र) अर्थात् भोग, स्वर्ग र मुक्त अवश्य नै प्राप्त हुन्छ ।

२०८० चैत २ गतेसम्म कालाग्नि रूद्र शिवको पावन नाममा अर्पित सवा कोटि मन्त्रद्वारा दिइने आहूतिले पूर्णता प्राप्त गरिसकेको थियो । नेपाल भरिका प्रसिद्ध देवी देवता, स्थानीय देवी-देवताका नाममा पनि शास्त्रीय विधि अनुरूप नै आहूति दिने कार्य भयो । चैत ३ गते दिवा समयसम्म पनि विविध देवताका नाममा चरू अर्पण गरियो । वरण गरिएका ब्राह्मणहरू जो याज्ञिक कार्यमा समर्पित हुनुहुन्थ्यो, उहाँहरूलाई ससम्मान विदाई गरियो । यसरी राष्ट्रिय कोटिहोम २०८० सफलतापूर्वक सम्पन्न हुनुमा आचार्य, ब्रह्मा, होता, गणेश, ऋत्विजहरू, सन्त-साधु, महात्माहरू,

नेताहरू, श्रद्धालु भक्तका साथै राजादेखि रङ्कसम्मको सदासयता र सहयोग हो र निर्विघ्नतापूर्वक सम्पन्न हुनुमा लड्केश्वर महादेव र यज्ञपुरूषको कृपाप्रसाद हो भन्ने मलाई लागेको छ ।

राष्ट्रिय कोटिहोमको लक्ष्य नै शान्ति, समृद्धि र अरिष्टको नाश होस् । नेपाली जनता आफ्नै राष्ट्रमा सत्कर्म गरेर बाँच्न पाऊन् । नेपाल आमाको सबैले सम्मान गरून् भन्ने हो ।

जीवनलाई सार्थक बनाउन राष्ट्र र धर्मलाई शिरमा राख्नैपर्छ । नेपालीको स्वावलम्बी चरित्र, वीरता, गौरवमा नेपालले विश्वमै अद्भूत कीर्ति कमाएको छ । पुर्खाको योगदानको कदर भावी पुस्ताबाट हुनुपर्दछ । यो कोटिहोम जस्तो उत्कृष्टतम् कर्मलाई श्रीमद्भगवद्गीतामा निष्काम कर्मयोग भनिएको छ । राष्ट्रको समुन्नतिका लागि असल उद्देश्य राखेर गरिएकाले यो राष्ट्रिय कोटिहोमले सम्पूर्ण प्राणीलाई अनन्त सुख-शान्ति प्रदान गर्दछ ।

कोटिहोमको विधिवत समापन गरिए पनि सो अग्निकुण्डमा याज्ञिक कार्य र रूद्राभिषेक पछि पनि निरन्तर हुँदै जाने संकल्पकर्ता मुकुन्द शर्मा हुमागाईको कुराले मलाई हर्षित बनाएको छ । यज्ञपुरूष, लड्केश्वर महादेव र कालाग्नि रूद्रको कृपा हामी सबैलाई प्राप्त होस् !❖

–अनामनगर, काठमाडौं

शुभकामना

नयाँ वर्ष २०८१ को सुखद
अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने समस्त
दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति,
समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

ज्यो. नारायणप्रसाद तिमल्सिना
ज्योतिष तथा वास्तु परामर्श
पशुपति, मोबाइल: ९८४१२६३६५९

डढेलाको असर

–ऋषिराम लामिछाने

रूख बिरूवा मानिसका मुख्य प्राणदाता ।
बिरूवाको नोक्सानले प्राणीलाइनै घाटा ॥
डढेलोले जङ्गल डढे दुःख वनजन्तुलाई ।
काठ्दाउरा घाँसपात कष्ट घरजन्तुलाई ॥

बासस्थान चरन खत्तम वन्य जनावरको ।
जङ्गल विनास भए आउँछ दुःख फेरि अर्को ॥
जङ्गलका हिँस्रकजन्तु आउँदा घरगाउँमा ।
मान्छे बसाईँ सरी जान्छन् दोस्रो ठाउँमा ॥

जन्तु जनावरपन्क्षीको उठ्छ वासस्थान ।
पानीको मुल सुक्न जान्छ पाइन्न पानी खान ॥
वातावरण प्रदुषित भईहुन्छ निस्याशिलो ।
मानव बस्ती मन सबै हुन्छ झन् अमिलो ॥

बनजङ्गलको डढेलोले संसार दुषित हुन्छ ।
धुवाँबाट वातावरण अत्यास लाग्दो हुन्छ ॥
डढेलोले कालो ग्यास र धुवाँ बृद्धि गराई ।
निकै छोटो गराउँछ यो मानव जीवनलाई ॥

नियतबस कतै कसैले डढेलो नलाउ कहिँ ।
झुक्यानमा आगजनी भयो भने निभाउँ गई ॥
जानेर नै अराजक काम जस्ले गरे पनि ।
सम्झाउँदा नमानेमा हाल्दिउँ उजुर पनि ॥ ❖

ठूलो कालो सर्प : अहंकार



-पवन नेपाल

आफू कर्ता, भोक्ता, प्रमाता बन्न खोज्नु अहंकार हो । यहि अहंकाररूपी अज्ञानलाई बोकेर हामी हिँडिरहेका छौं, व्यवहार गरिरहेका छौं । आफ्नोपनमा अलिकता पनि तलमाथि पर्‍यो भने हामी आफ्नो रूपलाई ज्वालामुखीझैं बनाउँछौं, बम पड्किएझैं पड्किन्छौं । कसैले आफ्नो अहम्‌मा सामान्य ठेस लगायो भने असाध्यै क्रोधित बन्छौं । हिजोसम्म नमस्कार गर्ने मानिसले आज नमस्कार गरेन भने हामीलाई के के न अनर्थ हुन्छ । अब रातको निद्रा हराम, भोक हराम, तर्क वितर्क, विश्लेषण चल्छ, चल्नु स्वभाविकै हो । सर्पलाई दुध खान दिए पनि वमन त विष नै गर्छ । जीवनमा निहुरिन नजानेको मानिसले सानो कुरामा झस्किनु त स्वभाविकै हो । अज्ञानतालाई पालेर ज्ञान त हुँदैन । ध्यान लाग्दैन । त्यो विशाल दैवत्वको अनुभूति हुँदैन । गम्भीर हुनुपर्ने विषय यहि हो ।

ठूलो कालो सर्प अर्थात् अहंकार जसले निरन्तर टोकिरहेको छ । कहिले कर्ता बनेर डस्छ, कहिले भोक्ता बनेर डस्छ । यहि नै संसार हो । यस्तो डर लाग्दो सर्पलाई घरभित्र राखेर सुरक्षित छु भनी कसरी भन्ने ? शान्ति र आनन्द कसरी लिने ? सधैं संत्रास बोकेर कसरी बाँच्ने ? सेफमाथि सर्प बसेको अवस्थामा भित्रको पैसा प्रयोग गर्न सकिँदैन । यद्यपि साँचो आफ्नो हातमा हुन्छ । साँचो खोल्यो भने टोकिहाल्छ । त्यस्तै हाम्रो अन्तःकरण रूपी सेफमा बहुमूल्य खजाना भगवान्‌ले राखिदिनुभएको छ, जहाँ अहंकाररूपी कालो सर्प कर्ता, भोक्ता, प्रमातारूपी फँडा निकालेर बसेको अवस्थामा भित्रको खजानाको कुनै उपयोग गर्न सकिंदैन । जसले कुनै उपायबाट त्यो सर्पलाई फकाएर संझाएर खजाना झिक्न सक्छ उसले आफूलाई मात्र परिवर्तन नगरी संसारलाई नै परिवर्तन गर्न सक्छ । जस्तो भगवान् शंकराचार्य जस्ता महापुरूषले त्यस्तो खजाना झिके, हेरे, प्रयोग गरे जसले गर्दा आज विश्व हल्लिएको छ ।

हाम्रो खोजी र अनुसन्धानको विषय के हो भने त्यो अहंकार रूपी सर्प कसरी भित्र पस्छ र कस्तो परिवर्तन देखाउँछ भन्ने हो । तर जसले भित्र छिरायो त्यसैले जीवनमा ठूलो कुरा गुमायो । मतलव अब ऊ अल्मलियो बाटो बिरायो । अनेक मच्छड र काला सर्पले निरन्तर डसिनै रहेका छन् । हाम्रो जन्म त, जन्म र मृत्युरूपी लगत कट्टा गर्नका लागि भएको हो । काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर गरेर कसरी लक्ष्य प्राप्त गर्ने ? हामी अहंकार गर्छौं, मेरो विद्या, मेरो पद, मेरो घर, मेरो सम्पत्ति, म जस्तो भनी अहंकार देखाइहाल्छौं ।

जीवनको गहिराईमा उत्रन नसक्नु ठूलो दुःखको कुरा हो । त्यस्तो व्यक्ति सबै चिज भएर पनि वास्तवमा कंगाल नै हो । बाहिरको स्पर्शले मात्र केहि हुँदैन । त्यस्तो स्पर्श जलेको तावामा परेको पानीको थोपा जस्तो हुन्छ । पुरूषार्थ त त्यो हो जसले कालो सर्पको उपस्थितिमा खजाना झिक्न सक्यो । शंकराचार्यले आफ्नो शिष्यलाई सम्झाउँदै भने हेर संसारमा कहिले पनि विश्वास नगर्नु । यसले नराम्रोसँग डस्छ, फसाउँछ । संसार त त्यो बाँदर हो जसले नचलाएसम्म केहि गर्दैन तर जिस्क्यायो भने टोक्छ । संसार पनि त्यस्तै हो जसलाई नचलाए केही गर्दैन । जब सर्वस्व ठानी गला जोड्छौं तब यसले फसाउँछ । हामी हाम्रो प्रारव्धलाई हेरौं, आसक्ति नगरौं । एउटा बाँदरले टोक्यो भने १४ वटा इन्जेक्सन लगाउनु पर्छ तर यहाँ त अनन्त बाँदरले अनन्तावर डसेका छन् । यस्तो अवस्थामा कति इन्जेक्सन कति पटक दिनुपर्ला ? आफैं सोचौं ।

धार्मिकले धर्मलाई छाड्दैन, यो प्राकृतिक नियम हो । आगोको झिल्काले पोल्छ, उज्यालो दिन्छ, पोल्नु, उज्यालो दिनु आगोको धर्म हो । पानीले सितलता दिन्छ । यो पानीको धर्म हो भनेजस्तै अहंकार पनि आत्माको धर्म

हो जस्तो लागेता पनि यो होइन । अहंकार आत्मासँग टाँसिन सक्दैन, टाँसिएको जस्तो भ्रम मात्र हुन्छ । आत्मा शुद्ध, बुद्ध, मुक्त छ, असंघ छ । जगत्मा र स्वप्नमा आत्मामा अहंकार टाँसिएको जस्तो लाग्छ तर होइन जसरी सुषुप्तीमा अहंकार टाँसिएको छैन त्यस्तै जागृत स्वप्नमा पनि टाँसिएको छैन । एउटै सरल रेखामा कतै टाँसिने कतै नटाँसिने हुँदैन । यहि कुरालाई राम्रोसँग सम्झन सके कुनै छटपटी हुँदैन, टेन्सन हुँदैन । कारण सुसुप्तीको स्वरूप हाम्रो स्वरूप हो ।

अहंकार त्यस्तो अग्नि हो जहाँ जति राखे पनि स्वाहा हुन्छ । त्यस्तो अवस्थामा तृप्ति हुँदैन । तृप्ति नभै शान्ति हुँदैन । अहंकारले आफ्नो रूप बदलेर आउँछ, नाटक गर्दछ । विभिन्न रूप बदल्नेलाई कसरी चिन्ने ? विषय जटिल नै छ । रामले मेघनाथलाई मार्न जति मेहनत गर्नु पऱ्यो, त्यति मेहनत रावणलाई मार्नको लागि गर्नु परेन, कारण मेघनाथले विभिन्न रूपमा प्रतिकार गर्थे । कुनै पनि चिजलाई पीडा दिन, मार्नका लागि उसको संवेदनशील ठाउँमा प्रहार गर्नुपर्छ । अव निस्कर्षमा के भनौं भने आत्माको जस्तै असंघ रहने स्वरूप हाम्रो हो । जहाँ अहंकारले व्यवहार गर्न सक्दैन । अहंकार मनको विषय हो । असरै नगर्ने चिजले मलाई असर गऱ्यो भने समात्यो भने उफ्रनु, पौडनु अज्ञानता नै हो । यहि नै तनावको कारण हो । वास्तै नगेपछि सताउन त मिल्दैन नि । विष निकालेपछि सर्प जतिसुकै ठूलो कालो भए पनि मतलव हुँदैन । देखिनु उसको धर्म हो, वास्ता नगरौं- आउँछ जान्छ । हामी असंघ बनौं यसैमा शान्ति छ, आनन्द छ ।❖

नेपाल राष्ट्र बैंकको अनुरोध

- बैंक तथा वित्तीय संस्थामा खाता खोली मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता सेवा प्रयोग गर्दा वा मोबाइल वालेट प्रयोग गर्दा त्यसमा तपाईंको मोवाइल र फोन नम्बरको प्रयोग भएको हुन्छ । त्यसमा तपाईंको खातासम्बन्धी महत्त्वपूर्ण विवरण जोडिएका हुन्छन् ।
- यदि कुनै कारणवश तपाईंले आफ्नो मोबाइल नम्बर परिवर्तन गर्नुभयो र तपाईंको पुरानो नम्बर अन्य व्यक्तिको प्रयोगमा आयो भने तपाईको खातासम्बन्धी महत्त्वपूर्ण विवरणमा अनधिकृत पहुँच पुग्नसक्ने जोखिम हुन्छ ।
- त्यसैले, आफूले प्रयोग गरिरहेको मोबाइल हराएमा वा चोरी भएमा वा मोवाइल नम्बर परिवर्तन भएमा बैंक तथा वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायक संस्थालाई यथाशीघ्र जानकारी गराउनुपर्दछ ।
- मोबाइलमार्फत वित्तीय सेवाको प्रयोग गर्दा आफ्नै नाममा दर्ता भएको सिमकार्ड र आधिकारिक एप्लिकेशन मात्र प्रयोग गर्नुपर्दछ ।

सजग भई डिजिटल वित्तीय सेवा प्रयोग गरौं ।

विद्यालय र बालबालिका आकर्षण

संस्कार शिक्षा

पूर्णप्रसाद मिश्र

भविष्यका कर्णधार बालबालिकाको समुज्ज्वल जीवनका लागि शास्त्रीय आधार दिने उद्देश्यले डा. स्वामी केशवानन्दले लेख्नुभएको 'संस्कार शिक्षा' पुस्तकलाई विद्यालयले पाठ्यपुस्तकका रूपमा समावेश गर्न थालेका छन् ।

स्वामी केशवानन्दले लेख्नुभएको पुस्तक गत भदौमा सार्वजनिक भएको थियो । हालसम्म करिब ५० विद्यालयले पाठ्यक्रममै राखेर आगामी शैक्षिक सत्रदेखि 'संस्कार शिक्षा' को अध्यापन शुरू गरेका छन् । स्याङ्जाको अर्जुन चौपारी गाउँपालिकाले मातहतका सबै विद्यालयमा 'संस्कार शिक्षा' को पठनपाठन गर्ने भएको छ । आधारभूत तहका कक्षा ४, ५, ६ र ७ का विद्यार्थीलाई यो पुस्तक पढाइने जनाइएको छ । बुटवल, नवलपुर, पोखरा र राजधानी काठमाडौंका विद्यालयले पनि 'संस्कार शिक्षा' को पठनपाठनमा रूचि देखाएका छन् ।

सत्सङ्ग परिवार जावलाखेलले बालबालिकालाई हरेक शनिवार एक घण्टाको संस्कार शिक्षाको कार्यक्रम सञ्चालन गर्दैआएको छ । फागुन ५ गतेबाट शुरू भएको यस अभियानमा पछिल्लो सातासम्म करिव चार दर्जन बालबालिका आवद्ध भएको र अभिभावकहरूले समेत यस कार्यक्रमलाई प्रशंसा गर्नुभएको सो संस्थाका अध्यक्ष डा. नारायणहरि गजुरेल बताउनु हुन्छ । आफ्नो संस्थाले हाल आठ कक्षासम्म अध्ययन गर्ने बालबालिकालाई केन्द्रित गरी सातामा एक दिन यस प्रकारको शिक्षा दिने गरिएको र यस अभियानलाई भविश्यमा समेत निरन्तरता दिने सोच रहेको उहाँ बताउनु हुन्छ ।

सनातन संस्कृति र मानवीय मूल्यको यात्राका लागि पुस्तक तयार पारिएको स्वामी केशवानन्द बताउनुहुन्छ । दैनिक जीवनयापनमा आवश्यक सम्पूर्ण कामलाई संस्कारसँग जोड्ने गरी पुस्तक तयार पारिएको हो । जीवनयापनमा आवश्यक काम संस्कारसँग जोडिएको र त्यो अहिलेका बालबालिकामा हराउन थालेकाले पुस्तककै रूपमा प्रकाशन गरेर विद्यालयमा पठनपाठनको वातावरण बनाइएको हो ।

संस्कारहीन व्यक्ति चरित्रहीन हुने र चरित्र पछि आर्जन समेत गर्न नसकिने भएकाले धनहीन हुँदा समस्या नहुने तर चरित्रहीन हुँदा समस्या हुने भएकाले भावी पुस्ताका लागि पुस्तकको आवश्यकता रहेको स्वामी केशवानन्द बताउनुहुन्छ । यसैले विद्यालयले पनि यसको आवश्यकता महसुस गर्न थालेको उहाँको भनाइ छ ।

पुस्तकमा अक्षरारम्भदेखि नै बालबालिकालाई संस्कार सिकाउने गरी पाठ राखिएको छ । साना बालबालिकालाई पढ्नमा रूचि जगाउन 'आफ्नो नाममा आउने अक्षरमा रङ भर' जस्ता अभ्यास पनि राखेर पढ्न आकर्षित गरिएको छ । आधुनिक बालबालिकाले ह्रस्व, दीर्घ र प्लुत भनेको नै नबुझ्ने अवस्था आउन थालेकाले पुस्तकमा त्यससम्बन्धी पाठ समावेश गरिएको छ ।

व्यञ्जनसँग जोडिने स्वरका मात्रा, व्यञ्जनसँग संयुक्त स्वर, संयुक्त व्यञ्जन, विसर्ग, अनुस्वार, चन्द्रविन्दुजस्ता विशेष वर्णबारे पनि पुस्तकमा जानकारी गराइएको छ । पाठसँगै अभ्यास पनि समावेश गरेर बालबालिकालाई सिकाउन सजिलो बनाइएको छ । देवनागरी लिपिका बारेमा पनि पुस्तकमा प्रकाश पारिएको छ ।

गणेशवन्दना पाठमा वन्दनासहित शब्दको अर्थ एवम् गणेशका विषयमा जानकारी गराइएको छ । कुन ग्रहबाट

कुन बारको नाम भयो ? जस्ता पाठले बालबालिकालाई पूर्वीय संस्कृतिका विषयमा सानैदेखि जानकार बनाउन खोजिएको जनाइएको छ । बालबालिकालाई ब्रह्ममुहूर्तमा उठ्न, ईश्वरको वन्दना गर्न, सकारात्मक सोचको विकास गर्न प्रेरित गर्ने पाठ पुस्तकमा राखिएको छ ।

सुत्दा सिरानी कता गर्ने ? आकर्षक चित्रका माध्यमबाट १० दिशाको ज्ञान जस्ता विषयले पनि बालबालिकाको ध्यान आकर्षण गर्छ । 'सधैँ अभिवादन गऱ्यो भने आयु बढ्छ, विद्या बढ्छ, सबैले सम्मान गर्छन्, शक्ति पनि बढ्छ', 'फलेका रूखहरू झुक्छन् । नझुक्ने त ठुटो हो, सुकेको रूख हो । नझुक्ने मूर्ख हो ।' जस्ता पाठले बालबालिकालाई सानैदेखि संस्कारमा डोऱ्याउँछ ।

पुस्तकमा गणेश चतुर्थीका बारेमा जानकारीमूलक सामग्री राखिएको छ । गणेशको प्रथम पूजासँग जोडिएको कथाले बालबालिकालाई आकर्षक रूपमा संस्कारको जानकारी दिएको छ । चन्द्रमाको गतिअनुसार महिनामा हुने शुक्ल र कृष्ण पक्ष, तिथिका नाम जस्ता विषयले बालबालिकालाई वैदिक संस्कृतिको ज्ञान दिन्छ । वर्ण शिक्षा अन्तर्गत दुई वा दुईभन्दा बढी वर्ण जोडिएका विशिष्ट वर्णको जानकारी पनि पुस्तकमा समावेश गरिएको छ ।

पाठ दुईमा सरस्वती वन्दना छ । सरस्वती वन्दनाको शब्दार्थ, सरस्वतीका १२ नाम समावेश गरिएको संस्कृत श्लोक, कोठामा अक्षर दिएर सरस्वतीका १२ नाम बनाउने अभ्यास पनि दिइएको छ । यस्ता अभ्यासले बालबालिकालाई पढेका पाठ याद गर्न सहयोग गर्छ । वेदको सङ्ख्या र शाखाको नामसहितको जानकारीले बालबालिकालाई वैदिक ज्ञानप्रति आकर्षित गर्न खोजेको छ ।

'सधैँ स्नान गर्छु' पाठले सफाइका साथै नदी सभ्यताका बारेमा बालबालिकाको ध्यानाकर्षण गरेको छ । नेपालका प्रमुख पाँच नदी कोशी, वाग्मती, त्रिशूली, कालीगण्डकी र महाकालीबारे बालबालिकालाई सामान्य ज्ञान पनि यस पाठमा दिइएको छ । पक्ष, महिना र ऋतुको ज्ञान पनि बालबालिकाले पुस्तकबाट पाउँछन् । 'सत्य बोल', 'बाटो खोज', 'ज्ञानका कुरा, राम्रो म' जस्ता पाठले पनि बालबालिकालाई उत्सुकतापूर्वक यो पुस्तक पढ्न प्रेरित गर्छ ।

श्रीपञ्चमी, कालिदासको कथा, १२ राशिका नाम, शिवस्तुति, शिवका अस्त्र, वाहन एवम् अन्य, जपध्यान, प्राणायाम, मेरा बाबा मेरा भगवान्, महाशिवरात्रि, पशुपति, भस्मासुरको कथा, वेदका छ अङ्ग जस्ता विषयले बालबालिकालाई सनातन संस्कृतिका बारेमा ज्ञान दिन्छ ।

गुरूवन्दना, ऋषि दत्तात्रेयले २४ गुरूबाट सिकेका ज्ञान, भगवान्को भजन, हिन्दु कालगणना सूक्ष्मतादेखि विराटसम्म, गुरू भगवान्, पञ्चामृत, गुरू पूर्णिमा, श्रीगुरूयन्त्र, गुरूभक्तिको कथा, महाभारतसम्बन्धी सामान्य जानकारी पनि पुस्तकमा दिइएको छ । यसले हाम्रो मौलिक संस्कारको जानकारी बालबालिकालाई हुन्छ ।

देवीवन्दना पाठमा देवीको एक श्लोकको स्तोत्रसहित नेपालका मुख्य १२ वटा देवी मन्दिरको जानकारी बालबालिकालाई गराइएको छ । स्वाध्याय पाठमा वैदिक दर्शनको महत्त्वलाई सूक्ष्म तरिकाले सहज रूपमा बुझाउन खोजिएको छ । वेद, गीता, पुराण, उपनिषद्, धर्मशास्त्र, दर्शन, इतिहास र आयुर्वेदको चक्रीय तालिका बनाएर तिमीले के के पढेका छौँ रङ भर भनी ज्ञानका यी स्रोतप्रति बालबालिकाको इच्छा जागृत गराउने खालका सामग्री पनि पुस्तकमा समावेश गरिएको छ । विभिन्न मुद्राको जानकारी पनि पुस्तकमा दिइएको छ ।

नारी सम्मानको महत्त्व, नारी वेषभूषाका पाठसँगै लक्ष्मी, सरस्वती, दुर्गा, गायत्री, भैरवी र कुमारीबारे जिज्ञासु बन्न पनि पुस्तकले प्रेरणा दिएको छ । अक्षय तृतीया, नदीको जल, व्यापारीको कथा, इनार, धारो, कुवा र पोखरीजस्ता मौलिक ज्ञान पनि पुस्तकमा दिइएको छ ।

विष्णस्तुतिसँगै शास्त्रको ज्ञान, भोजन, भोजनको नियम, भोजन संस्कृति, नैवेद्य, ऋतुफल, नवग्रह, बूढानीलकण्ठ मूर्तिको सामान्य जानकारी, त्यागका मूर्ति मुद्गल ऋषिको कथा, सात प्रमुख ऋषिको जानकारी पनि पुस्तकमा दिइएको छ ।

लक्ष्मीवन्दना, शक्तिपीठ, दिनचर्या, जपमाला, कवि शिरोमणि लेखनाथ पौडेलको नैतिक दृष्टान्त कविता, अयन, लक्ष्मीपूजा, द्यौसी, भैलो, धनपति कुबेरको कथा,

मूर्तिका विषयमा सामान्य जानकारी पनि 'संस्कार शिक्षा'ले दिएको छ ।

सूर्यवन्दना, सूर्यका रङ्गहरू, सूर्य नमस्कार र सूर्योपस्थान, गायत्री मन्त्रसम्बन्धी संक्षिप्त जानकारी, दानमहिमा, चौतारो, कार्तिकदान, ३३ कोटि देवता, दधीचिको कथा, राजा जनकका पाठ दिएर बालबालिकालाई नेपाली मौलिक संस्कार हुर्कने वातावरणको निर्माण गर्न खोजिएको छ ।

कृष्णस्तुति, शालग्राम, ब्रह्मचर्य, नक्षत्रसम्बन्धी सामान्य जानकारी, विद्यार्थीको लक्षण, याज्ञवल्क्य, जन्मोत्सव कसरी मनाउने ? अष्टचिरञ्जीवीसम्बन्धी संक्षिप्त जानकारी, मार्कण्डेयको कथा, पिपलसम्बन्धी जानकारी पनि पुस्तकमा पढ्न पाइन्छ ।

रामवन्दना, आदिमहाकाव्य रामायणका रचनाकार वाल्मीकि, पञ्चदेवपूजनको महत्त्व, धूप र धुपौरोसम्बन्धी जानकारी, नीतिपद्य, अष्टदल, रामनवमी, पञ्चेबाजा, जननी र जन्मभूमिको कथा, नेपालको झण्डासम्बन्धी छोटो जानकारी पनि 'संस्कार शिक्षा' मा दिइएको छ ।

हनुमद्वन्दना, अठार पुराणका नाम, पञ्चोपचारको पूजनपद्धति, कलश, नीति शिक्षा, कुश, शतबीजरोपण, ॐ कार र हनुमानको कथा पनि पुस्तकमा समावेश गरी बालबालिकालाई पढौँ पढौँ लाग्ने गरी पुस्तकको निर्माण गरिएको छ ।

बालबालिकालाई संस्कारमा फर्काउने उद्देश्यले तयार पारिएको १२० पृष्ठको पुस्तकको अन्तिममा नेपालका चारधाम वराहक्षेत्र, पशुपति क्षेत्र, मुक्ति क्षेत्र र रूरू क्षेत्रका बारेमा सामान्य परिचय उल्लेख गरिएको छ ।

'संस्कार शिक्षा' को अध्ययनले अनिवार्य नेपाली विषयको अध्ययनमा पनि सहजता आउने अनुभव आफूले गरेको बताउँछन् । पुस्तकले गीतालगायत मौलिक दर्शनको अध्ययनमा रूचि जाग्ने समेत बालबालिकाले अनुभूति पनि गरेको जनाएका छन् ।

बालबालिकालाई पढौँ पढौँ लाग्ने यो पुस्तक भाना फाउन्डेसनले प्रकाशन गरेको हो । पुस्तकको मूल्य रू पाँच सय ५५ तोकिएको छ । पुस्तक प्रकाशनमा अतुल्य रिसालले सहयोग गर्नुभएको छ । पुस्तक लेखनमा रोहिणीराज तिमिल्सिना र शिवराज लामिछानेले सहयोग गर्नुभएको छ । ❖

– काठमाडौँ

पीपलको परोपकार

हाल गोरखा जिल्लाको भिमसेन थापा गाउँपालिका ४ इत्लापोखरिको पूर्वपट्टि पीपलको ठूलो रूख थियो र छ पनि । पीपललाई हिन्दू धर्ममा पवित्र वृक्ष मानिन्छ । यसको ठूलो धार्मिक तथा सांस्कृतिक सामाजिक महत्व छ । गाउँभरिका सबै महिला, बालबालिका तथा पुरुष विभिन्न अवसरमा उसको पूजा गर्थे । शनिबार पीपलको रूखमा जल चढाउनेको घुइँचो नै लाग्थ्यो ।

समय बित्दै गयो । ऋषि दुल्लभदेखि केही बर्ष अघि सम्म दसैंमा पिङ हाल्ने यिनै कल्प बृक्षको हागो थियो ।

पीपलको रूख बढ्दै गयो र निकै पुरानो भयो अनि बुढो हुँदै गयो । उसका हाँगाबिंगा सुक्दै गए । सुकेका हाँगाबिँगा भाँचिएर खस्न थाले । रूखको अवस्था देखेर गाउँका भद्रभलादमीको बैठक बस्यो । बैठकले पीपलको हागा ढालेर त्यसका हाँगाबिँगा घरेलु उपयोगमा लगाउने निर्णय गर्यो ।

भोलिपल्ट निर्णय कार्यान्वयनका लागि मानिसहरू हातहातमा बन्चरो, आरो, खुर्पा, खुँडा बोकेर पीपलको रूखमुनि जम्मा भए ।

पीपलको रूखबाट अलि पर रहेको अर्को कुट्मेराको रूखले यो सारा अबस्थामा हेरिरहेको थियो । यो अवस्था देखेर उसले बिस्तारै पीपलसित भन्यो– पीपल दाजु हेर्नुस् त, कुनै बेला तपाईंको पूजा गर्ने, तपाईलाई जल चढाउने मानिस आज बूढो भएपछि तपाईंलाई नै काट्न भेला भएका छन् ।

यी मानिस कति स्वार्थी छन् । तपाईंलाई यो सब रमिता देख्दा रिस उठ्दैन ?

पीपलले खुसी हुँदै जवाफ दियो – किन रिसाउनु मित्र, म त खुसी पो भएको छु त । म जवानिमा पनि मानिसको काममै उपयोग भएँ, आज वृद्ध हुँदै गर्दा र भोली मर्दै गर्दा पनि म उनीहरूको काममै उपयोग हुँदैछु । उनीहरूले मलाई उपयोग गर्दै छन् । आखिर हाम्रो काम भनेकै परोपकार गर्नु त हो । रूखले फल दिनु, नदिले पानी दिनु सबै परोपकार नै होइन र ?

यति भनेपछि त्यो रूख चुप लाग्यो । अब हामीले त्यो वाणिलाई आत्मसात गर्नु नितान्त आवश्यक छ ।❖

-प्रस्तुतिः कपिल वञ्जारा, गोरखा

हार्दिक शुभकामना

नववर्ष २०८१ को पावन अवसरमा नगरवासी लगायत समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति एवम् समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

केवल चौधरी | **राजु तिरूवा** | **नीलमकुमार न्यौपाने**
नगर प्रमुख | नगर उप-प्रमुख | प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूर पश्चिम प्रदेश, कैलाली, नेपाल

जन्म, विवाह बसाईसराई सम्बन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

गतिविधि

नेपाल र भारत अन्तर्राष्ट्रिय संस्कृत सम्मेलन-२०८०

विभिन्न ५ बुँदे संकल्प पत्र पारित गर्दै अन्तर्राष्ट्रिय संस्कृत सम्मेलन २०८० सम्पन्न भएको छ । गत चैत १४, १५ र १६ गते नेपाल भारतका संस्कृत विद्वानहरूको उल्लेख्य तथा सक्रिय उपस्थितिमा नेपालको काठमाडौंमा त्रिदिवसीय अन्तर्राष्ट्रिय संस्कृत सम्मेलन अयोजना गरिएको थियो । सो सम्मेलनले संस्कृत शिक्षामा सकारात्मक परिवर्तन ल्याउने योजना सहितका संकल्पत्र पारित गरेको हो । तीन दिनका सत्रहरूलाई क्रमशः उद्घाटनसत्र, परिचर्चासत्र र समापनसत्र गरी विभक्त गरिएको थियो ।

नीति अनुसन्धान प्रतिष्ठान, इण्डिया फाउण्डेसन र केन्द्रीय संस्कृत विश्वविद्यालयद्वारा संयुक्त रूपमा आयोजित सम्मेलनमा नेपालमा नीति अनुसन्धान प्रतिष्ठानको स्थापना गरी त्यसमार्फत नेपालमा रहेका संस्कृत पाण्डुलिपि ग्रन्थहरूको अध्ययन, सम्पादन र प्रकाशन गर्ने, नेपालको संस्कृत शिक्षामा गुणात्मक परिष्कारका लागि प्रयास गर्ने, नेपालको ज्ञान प्रणालीमा आधारित अर्थव्यवस्था तथा शिक्षाव्यवस्थाका लागि सहयोग तथा आयुर्वेद प्राकृतिकचिकित्सा आदि अध्ययनमा सहयोग गर्ने, नेपालका गुरूकुल तथा शैक्षिक संस्थानमा अध्ययनरत विद्यार्थीको भारतमा वृत्तिकौशल विकास तथा शैक्षिक गुणस्तरको सम्वर्धनका लागि प्रशिक्षण व्यवस्था एवम् नेपालका गुरूकुल आदि संस्कृत संस्थाका पुस्तकालयहरूलाई सहयोग प्रदान गर्ने, प्रत्येक वर्ष पालैपालो नेपाल र भारतमा अन्तर्राष्ट्रिय संस्कृत सम्मेलनको अयोजना गर्ने र नेपालका गुरूकुलहरूको विकासका लागि महर्षि सान्दिपनी वेदविद्या प्रतिष्ठानद्वारा सहयोग प्रदान गर्ने संकल्प पत्र पारित गरिएको थियो ।

मधेशी एकता समाज कतारले परम्परागत तरिकाले मनायो होली

अमरेन्द्र यादव/ मधेशी एकता समाज कतारले राजधानी दोहामा चैत १२ गते सोमबार होली महोत्सव आयोजना गरेको छ । तराई मधेशमा होली मनाइएको दिनको अवसर पारेर एकता समाजले परम्परागत तरिकाले रंगहरूको पर्व मनाएको हो । मुस्लिमहरूको पवित्र रमजान महिना समेत जारी रहेकोले होलीसँगै इफ्तार कार्यक्रम समेत राखिएको थियो ।

कार्यक्रमको अध्यक्षता एकता समाज कतारका अध्यक्ष शिवकुमार महतोले गर्नुभएको थियो भने महासचिव चन्द्रवीर यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । मनिष यादव, लालबाबु साह, तेजीलाल मण्डल, विशेश्वर यादव, चन्द्रवीर यादवले सबै अतिथि तथा सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा मधेशी एकता समाजका संस्थापक एवम् अन्तर्राष्ट्रिय समितिका संयोजक डा. रवीन्द्र कुमार यादवले होलीको शुभकामना दिनुहुँदै समाजलाई अझ सुदृढ बनाउनु पर्ने बताउनुभयो ।

तीन दिने ध्यान शिविर हुने

नेपाल महर्षि वैदिक फाउण्डेसनले नयाँ वर्ष २०८१ देखि हरेक महिना तीन दिवशीय ध्यान शिविर सञ्चालन गर्ने जनाएको छ । फाउण्डेसनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाद्वारा हस्तक्षरित विज्ञप्तिमा भनिएको छ– विश्वभरि नै सर्वाधिक सरल, सहज, स्वभाविक, प्रयासहीन एवम् वैज्ञानिक पद्धतिका रूपमा स्थापित भावातीत ध्यान कार्यक्रम दक्षीणकाली–१ स्थित ब्रह्मानन्द सरस्वती ग्राम काठमाडौंमा (बोसन चम्पादेवीमा) हरेक महिनाको अन्तिम शुक्रबारदेखि ३ दिने आवासीय रूपमा भावातीत प्रशिक्षण कार्यक्रम नियमित गरिने भएको छ । पहिलो ध्यान शिविरको कार्यक्रम भने २०८१ वैशाख २८ गते शुक्रबार, अक्षय तृतीयाको पावन पर्वबाट शुभारम्भ हुने जनाइएको छ । कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्ति वा संघसंस्थाका प्रतिनिधिले आफ्नो नाम र संघसंस्थाको विवरण भने अग्रिम दर्ता गरिसक्नुपर्ने आयोजक समितिले सुचित गरेको छ । साथै एकपटकमा ४० जनालाई मात्र आवासीय ध्यान सिकाइने व्यवस्था रहेकोले दर्ताको आधारमा हरेक महिनाको अन्तिम शुक्रवारदेखि आइतवार सम्म यो कार्यक्रम निरन्तर चालू रहिरहने पनि आयोजकले स्पष्ट पारेको छ । साथै उक्त ३ दिने आवासीय भावातीत प्रशिक्षण कार्यक्रममा वैदिक ज्ञानको अभिमुखीकरणसमेत गराइने जनाएको छ । ❖

हावाहुरीबाट जोगिने उपायहरू:

- ❖ घरको संरचना बलियो बनाऔं,
- ❖ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- ❖ छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- ❖ छतका गमला सुरक्षित रूपमा राखौं,
- ❖ जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- ❖ हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- ❖ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- ❖ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवम् सतर्कता अपनाऔं ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरुः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ । सहयोगको निम्ति-
eSewa
GAURI PUBLICATION
9851053601

नयाँ वर्ष वि.सं. २०८१ को
पावन अवसरमा हाम्रा ग्राहकवर्ग सहित समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै
हार्दिक शुभकामना
अर्पण गर्दछौं ।
झ्याली कोल्ड स्टोर प्रा.लि.
नयाँबजार, काठमाडौं

नयाँ वर्ष वि.सं. २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै
हार्दिक शुभकामना
अर्पण गर्दछौं ।
हरिभक्त सिग्देल महेश
हरिको घर, मण्डिखाटार, काठमाडौं

गो.द्व.का. (म.क्षे.हु.नि.द.नं.) १०/०६७/०६८

नयाँ वर्ष वि.सं. २०८१ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै

हार्दिक शुभकामना

अर्पण गर्दछौं ।

सत्सङ्ग परिवारको अपील

अनुकरणात्मक वर्तमान शिक्षा पद्धतिको प्रतिकुल प्रभावले गर्दा अहिले नेपालमा सनातन वैदिक व्यवहार, परम्परा, मर्यादा, धर्म र संस्कृतिमा समेत विचलन आएको तथ्यलाई हृदयङ्गम गरी हाम्रो यस सत्सङ्ग परिवार जावलाखेलद्वारा प्रत्येक शनिवार विहान 'वालसंस्कार शिक्षा सञ्चालन गर्दै आइरहेका छौं ।

कक्षा ५ देखिका वालवालिकाहरूलाई भर्ना गराई आफ्नो वैदिक सनातन परम्परा, व्यवहार एवम् धर्म र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न गराउन हार्दिक अनुरोध गर्दछौं । साथै, यस पुनित कार्यको निरन्तरताको निम्ति यहाँहरूको साथ, सहयोगको समेत अपेक्षा गर्दछौं ।

विस्तृत व्यहोराको लागि सम्पर्क:

श्री विभू अर्याल- ९८५११७७१५०, श्री दीपक रिमाल- ९८५१०२५४६४, श्री सुशील भट्टराई- ९८५१०३५७४०

कक्षा दिग्दर्शन

ॐ सत्सङ्ग परिवार

जावलाखेल, ललितपुर